# झिमरुक गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

## २०८०/०८१-२०८२/०८३

## (अन्तिम प्रतिबेदन)




**झिमरुक गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**मच्छी, प्यूठान लुम्बिनी ,प्रदेश।**

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मच्छी,

प्यूठान, लुम्बिनी प्रदेश

# झिमरुक गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

# २०८०/०८१-२०८२/०८३

# (अन्तिम प्रतिबेदन)

प्राविधिक सहयोग

जिओ इन्फो सोलुसन एण्ड रिसर्च सभिर्स प्रा.ली.,

काठमाण्डौ, नेपाल

# विषय सूची


**परिच्छेद एकः परिचय** **१**

१.१ पृष्ठभूमी १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सूधार कार्ययोजनाको उद्देश्य ३

१.४ राजस्व सूधार कार्ययोजनाको क्षेत्र ३

१.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ३

१.५.१ पहिलो चरण सन्दर्भ सामग्री संकलन तथा अध्ययन ४

१.५.२ दोस्रो चरण फिल्ड सर्भे पूर्व तयारी छलफल ४

१.५.३ तेस्रो चरण अभिमुखीकरण कार्यशाला ४

१.५.४ तथ्यांक सूचना संकलन फारम तथा सूची विकास ८

१.५.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी ९

१.५.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश ९

१.५.७ मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन ९

१.५.८ अन्तिम प्रतिवेदन तयारी, छलफल तथा स्वीकृती ९

१.६ योजनाका सीमाहरु १०

**परिच्छेद दुईः राजश्व परिचालनको बर्तमान कानुनी अवस्था** **११**

२.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ११

२,२ गाउँपालिकाको एकल अधिकारः १३

**परिच्छेद तिनः गाउँपालिकाको अवस्था विश्लेषण** **१९**

३.१ गाउँपालिकाको सक्षिप्त परिचय १९

३.२ गाउँपालिकाको गठन तथा नामांकरण १९

३.३ प्रशासनिक विभाजन २०

३.४ भौगोलिक तथा प्राकृतिक अवस्था २०

३.५ शैक्षिक अबस्था २१

३.६ वस्तुगत रुपमा घरधुरी तथा जनसंख्या २१

३.७ आर्थिक अवस्था २४

३.८ गाउँपालिकाको मानवस्रोत २६

३.९ गाउँपालिकाको भौतिक सम्पतिको अवस्था ३०

४.१ आय संकलनको संस्थागत क्षमता तथा अवस्था ३२

४.१.१.राजस्व परिचालन सम्बन्धी नीतिगत तथा संस्थागत ब्यबस्था ३२
४.१.२ राजस्व परिचालन सम्बन्धि संस्थागत क्षमता ३३
४.१.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ३४
४.२ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ३६
४.२.१ कर राजस्व ३६
१ सम्पत्ति कर ३७
२ मालपोत वा भूमि कर ३९
४.३ गाउँपालिकाको समग्र राजस्व परिचालनमा रहेका प्रमुख सवालहरू ६३
**परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना कार्यान्वयन योजना ६५**
५.१ कर राजस्व सुधारका योजनाहरु ६५
५.२ गैरकर राजस्व सुधार योजना ६८
५.३ राजस्व प्रशासन सुधार योजना ६९
**परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण ७२**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ७२
६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको आय अनुमान तथा प्रक्षेपण ७५
**परिच्छेद सातः निश्कर्ष तथा सुझाव ८४**
७.१ निष्कर्ष तथा सुझाव ८४
७.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन ८५
अनुसूची १ : संदर्भ सामग्रीहरु ८८
अनुसूची २ः राजस्व सुधार कार्ययोजनाका सूचकहरु ८९
अनुसूची ३ः विषयगत विश्लेषण सम्बन्धित तथ्याङ्क संकलनको नमूना फाराम (दफा ८.३ सँग सम्बन्धित) ९३
अनुसूची ४ः वस्तुगत विस्लेषणसम्बन्धित तथ्याङ्क संकलनको नमूना फाराम (दफा ८.३ सँग सम्बन्धित) ९८
अनुसूची ५ः कर तथा शुल्कको दरमा देखिएका कमी कमजोरी तथा सुधारको उपाय १०३
अनुसूची ६ः आय प्रक्षेपणको ढाचा (दफा ८.५ सँग सम्बन्धित) १०४

## तालिका सूची


तालिका १: तहगत राजस्व अधिकार १२

तालिका २: वडा अनुसार जनसंख्या वितरण २३

तालिका ३: गाउपालिकाको स्वीकृत पद र संख्या २६

तालिका ४: गाउँपालिकाको भौतिक सम्पतिको विवरण ३०

तालिका ५: राजस्व परामर्श समिति ३३

तालिका ६: स्थानीय तहलाई प्राप्त आन्तरिक राजस्व अधिकार र परिचालनको अवस्था ३४

तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर ३८

तालिका ८: घरजग्गा बहाल करको सम्भाव्यता विवरण ४१

तालिका ९: गाउँपालिकामा रहेका व्यापार व्यवसायको विवरण ४३

तालिका १०: कृषि तथा पशुजन्य उत्पादनको अनुमानित विवरण ४९

तालिका ११: पार्किङ शुल्क ५५

तालिका १२: कर राजस्व सुधार कार्ययोजना ६५

तालिका १३: गैरकर राजस्व सुधार कार्ययोजना ६८

तालिका १४: राजस्व प्रशासन सुधार योजना ६९

तालिका १५: आगामी तीन आ.व.का लागि आन्तरिक राजस्व प्रक्षेपण ७२

तालिका १६: गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको आय अनुमान तथा प्रक्षेपण ७६

तालिका १७: राजश्व सुधार कार्ययोजना कार्यान्वयन अबधिमा प्राप्त हुने राजश्वको अनुमान तथा प्रक्षेपण ८१


## चित्र सूची


चित्र १: राजश्व परिचालन सम्बन्धी अभिमुखीकरण कार्यशाला गोष्ठी ५

चित्र २: अभिमुखीकरण कार्यशाला गोष्ठी उपस्थित जनप्रतिनिधिहरु ६

चित्र ३: अभिमुखीकरण कार्यशाला गोष्ठी उपस्थित उपस्थित् शाखा प्रमुखहरु ७

चित्र ४: राजश्व परिचालन सम्बन्धी सरोकार वाला पक्षसंग छफल ८

चित्र ५: स्थानीय तहको राजस्व अधिकार १२

चित्र ६: झिमरुक गाउँपालिका भौगोलिक अवस्थिति २०

चित्र ७: आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ३६

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमी

गाउँपालिकाको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागी अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने र सोहि बमोजिम राजश्व परिचालन गर्नको लागि राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action plan- RIAP) प्रतिवेदन झिमरुक गाउँपालिकाले तयार गरेको हो।

यस प्रतिवेदनमा गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरिएको छ । अध्ययबाट प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागी गर्नुपर्ने कार्यहरूको पहिचान तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सो को अनुगमनका लागी तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ । यस प्रतिवेदनमा निम्न विषयबस्तुलाई समेटिएको छ।

१ राजस्व सुधार कार्ययोजनाको औचित्य उद्देश्य तथा तयारी विधि

२ राजश्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन

३ आन्तरिक आय परिचालनको सम्भावना विश्लेषण

४ राजस्व सुधार कार्ययोजना

५ आगामी तीन वर्षको आय प्रक्षेपण

६ निश्कर्ष तथा सुझाव

७ अनुसुचिहरु

प्रस्तुत झिमरुक गाउँपालिकाको राजस्व सुधार कार्य योजना प्रतिवेदन प्रदेश सुशासन केन्द्र र हाम्रो कम्पनी Geo Info Solution and Research Service, Kathamandu बिच भएको सम्झौता बमोजिम प्राविधिक सहयोगमा तयार गरिएको हो ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ–आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागी स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मुख्य कारणहरुमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागी आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रकृयामा सुधारका लागी झिमरुक गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागी समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गनिर्देशक दस्तावेज तयार हुनेछ ।

## १.३ राजस्व सूधार कार्ययोजनाको उद्देश्य

झिमरुक गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकाकालाई सहयोग पुर्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो ।

## १.४ राजस्व सूधार कार्ययोजनाको क्षेत्र

यस कार्यक्रमका सहायक क्षेत्रहरू देहाय अनुसार रहेका छन् ।

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरू लाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको अध्ययन तथा विश्लेषण गर्ने ।
- राजस्व आय बृद्धिको लागी आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको सँगठनात्मक संरचना, राजस्व सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशाशन तथा यसको कायकुशलताको विश्लेषण ।
- स्थानीय तहको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपणसहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानूनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागी सुझाव प्रदान गर्ने।

## १.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

कार्यक्रम सहभागितामूलक रूपमा सञ्चालन गरिएको थियो र प्रतिवेदनका लागी आवश्यक जानकारी झिमरुक गाउँपालिकामा छलफल र सन्दर्भ सामग्रीहरूद्वारा सङ्कलन गरिएको थियो । उल्लिखित कार्यका लागी सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागी

आवश्यक फारामहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागिता मूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.५.१ पहिलो चरण सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा राखिएको छ ।

### १.५.२ दोस्रो चरण फिल्ड सर्भे पूर्व तयारी छलफल

गाउँपालिकामा कार्ययोजना तर्जुमाका लागी आवश्यक तथ्याङ्क÷सूचना संकलन गर्न जानु भन्दा पहिले प्रदेश सुशासन केन्द्रमा बिषयबस्तुको बारेमा एक दिबसीय छलफल कार्यक्रम राखिएको थियो । उक्त छलफल कार्यक्रममा छलफलको बिषयहरु तयार पारिएको प्रश्नावली तथा चेकलिष्टका बारेमा बिस्तृत छलफल भयो र उक्त छलफलमा प्रदेश सुशासन केन्द्रका तर्फबाट दिनु भएका सुझावहरूलाई समेत सम्बोधन गरी प्रश्नावली तथा चेकलिष्टलाई अन्तिम रुप दिइएको थियो । उक्त कार्यक्रममा Geo info solution and Research service Kathamandu तर्फबाट विषय विशेषज्ञले राजस्व सुधार कार्ययोजना सम्बन्धि सैद्धान्तिक र व्यवहारिक पक्षहरूको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो र उक्त प्रत्युक्तिकरणमा उठेका जिज्ञासाहरूलाई सम्बोधन पनि गर्नु भएको थियो ।

### १.५.३ तेस्रो चरण अभिमुखीकरण कार्यशाला

झिमरुक गाउँपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागी खटिने फिल्ड अनुसन्धान टोलीले स्थानीय तहका प्रमुख तथा उपप्रमुख—, स्थानीय तहको राजस्व परिचालन सम्बन्धि काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा अभिमुखीकरण गर्ने कार्य गरेको थियो ।

**राजश्व परिचालन सम्बन्धी अभिमुखीकरण कार्यशाला**

उद्घाटन कार्यक्रममा निम्न ब्यक्तित्वहरुले मन्तब्य ब्यक्त गर्नुभएको थियो |

सुबास रिमाल प्रमुख प्रसासकिय अधिकृत

सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको आवश्यकता र उदेश्य माथि प्रकाश

श्री पित बहादुर महतारा क्षेत्री अध्यक्ष

- राज्य संचालन  सेवा ,प्रवाह जनानिधिलाई जनताको दैलोमा पुर्याउन राजस्व संकलन आवश्यक छ  |
- दर घटाएर सबैलाई दायरामा ल्याउनु आवश्यक छ  |
- सक्कल कर प्रयोग गर्न नसकेको गुनासो ४६ वटा सामुदायिक वनलाई दायरामा ल्याउन पहल गरिने  तिनीहरुलाई|अडिट रिपोर्टको आधारमा १० %लिने व्यवस्था गर्ने |
- पर्यटन शुल्क टिमुर रक गार्डेन  सिडीमा ,पनि लगाउन सकिने  प्रत्येक ,वडामा भएका मेडिकल दायरामा ल्याउन पहल गर्नुपर्यो।
- टिमुर दालचिनी ,जस्ता जडिबुटीमा पनि कार्यविधि बनाई लागु गर्ने।
- फोहोरमैला व्यवस्थापन शुल्कबाट पनि हामी अघि बढ्न सक्छौ समितिहरुसँग समन्वय गरी गाउँपालिकाले खानेका बाटाहरुमा पनि दयारा बढाउन सकिन्छ |
- व्यवसायी दर्ता भएका २२२ र छुट १५० दर्तामा नआएको देखियोति करमासम्प |अभियाननै संचालन गर्न भवनको बर्गीकरणलाई बैज्ञानिक बनाउने |
- सम्पति करमा अभियाननै संचालन गर्न भवनको बर्गीकरणलाई बैज्ञानिक बनाउने |
- फिल्डहरु घोषणा पत्र अनुसार को उदेश्य परिपूर्ति गर्ने राजस्व ब्यबस्थापनलाइ काययोजना बनाई अघि बढनु पर्दछ।




चित्र १: राजश्व परिचालन सम्बन्धी अभिमुखीकरण कार्यशाला गोष्ठी

**अन्य वडा अध्यक्षहरु**

- सबै कर वडा बाट पनि दिने ब्यबस्था गर्ने
- बिज्ञापन करको कायबिधि बनाई लगाउने गर्न पर्थो
- बढी कर उठाउने वडा लाइ बजेट बाँडफाँट मा प्रथामिकता दिनु पर्ने
- सर्वस्वीकार्य कर प्रणाली बनाउन पहल गर्ने।



चित्र २: अभिमुखीकरण कार्यशाला गोष्ठी उपस्थित जनप्रतिनिधिहरु

**उपस्थित् शाखा प्रमुख**

- सुचना प्रविधिको प्रयोग लाई बढाउने
- तालिम गरिने आन्तरक्रिया दुरा जनता लाइ सुसजित बनाउने
- राजनीतिक ईच्छाशक्ति कम देखिनु
- करदातालाई राजस्व भुक्तानीमा असहजता हुनु ।
- करलाई भरको रुपमा लिनु जनतालाई बुझाउन नसक्नु ।
- राजस्व शाखा प्राथमिकतामा राख्रन नसक्नु ।

- 



चित्र ३: अभिमुखीकरण कार्यशाला गोष्ठी उपस्थित उपस्थित् शाखा प्रमुखहरु

**दोस्रो दिन स्थलगत अध्ययन तथा अवलोकन**

दोस्रो दिन ३ वटा वडाहरुमा गई अध्ययन अवलोकन गरियो बजार क्षेत्रका |केहि ब्यबसायीसंग कर सम्बन्धी बिषयमा छलफल गरियो |अध्ययन अबलोकनबाट निम्न पक्षहरुमा छलफल तथा आवश्यक सूचना तथा जानकारी संकलन गरिएको थियो |

वडा कार्यालयको भौतिक अवस्था र कर्मचारीको ब्यबस्था

वडा कार्यालयमा भयको राजस्व प्रसासनको ब्यबस्था र भोगिएका समस्याहरु

करदाताहरुको ब्यबहार र गुनासो, कर असुली र बिलिंङ् प्रणाली सेवा प्रबाहको अवस्था सो , दिन प्राप्त राजस्वको शीर्षकहरु त्यसैगरी गाउँपालिका कार्यालय नजिक बजारहरुको पनि अध्ययन गरियो बजारहरु |बृद्दि हुने क्रम रहेको छ गाउँपालिकाले | ब्यबस्थित सहर बनाउन पहल गर्नुपर्ने देखियो|



चित्र ४: राजश्व परिचालन सम्बन्धी सरोकार वाला पक्षसंग छफल

### १.५.४ तथ्यांक सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । सूचना संकलन फोकल परसन लगायत अन्य कर्मचारी तथा पदाधिकारीहरुसँग समन्वय गरी को प्राविधिक कार्यदलले अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गर्यो। गाउँपालिका को राजश्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागी प्रयोग गरिएको फारम अनुसुची २ मा प्रस्तुत गरिएको छ।

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत ३ वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण

- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
- गाउँपालिकाको वस्तुस्थिति विवरण

### १.५.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरि राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### १.५.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँपालिका तथा प्रदेश सुशासन केन्द्र, समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागी पेश गरिने छ ।

### १.५.७ मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्वन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइने छ । यसका लागी परामर्श कार्यशाला÷बैठकको आयोजन गरिने छ । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुग्ने छ ।

### १.५.८ अन्तिम प्रतिवेदन तयारी, छलफल तथा स्वीकृती

मस्यौदा प्रतिवेदन प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिने छ । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बीचमा प्रस्तुतिकरण गरिने छ । दिइएका सुझावहरुको यथोचित सम्बोधन गरि प्रतिवेदनलाई अन्तिम रुप दिइने छ र स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत गराइने छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागी आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.६ योजनाका सीमाहरु

गाउँपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि कमजोर अभिलेख प्रणालीका वावजुद आवश्यक तथ्याङ्क संकलन गरी यो प्रतिवेदन तयार पारिएको छ । सीमित समय र प्रतिकुल परिस्थितिका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेकाछन् ः

- अध्ययन तथा विश्लेषण कार्य सम्बन्धित क्षेत्रका कर्मचारी र पदाधिकारीसंग छलफल र तथा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।
- यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित कर्मचारी तथा अन्य सरोकारपक्षसँग
- भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागी उपलब्ध गराइएको फाराम विभिन्न शाखाबाट तथ्याङ्कहरू संकलन गरिएको थियो।
- अध्यावधिक तथ्याङ्क नभएका क्षेत्रमा गाउँपालिकाको वस्तुस्थिति विवरण आधार मानिएको छ।

# परिच्छेद दुईः राजश्व परिचालनको बर्तमान कानुनी अवस्था

यस परिच्छेद दुईमा झिमरुक गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरुलाई शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । यस विश्लेषणले गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग पु¥याउने छ ।

## २.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्र्तगत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ । चित्र १ मा राजस्व अधिकारहरुलाई देखाइएको छ ।संघीय कानून अन्तर्गत स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ।




चित्र ५: स्थानीय तहको राजस्व अधिकार

तालिका १: तहगत राजस्व अधिकार

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिबृदि कर<br>• संस्थागत आयकर<br>• व्यतिगत आय कर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क | • घरजग्गा रजिस्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरंजन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आय मा कर<br>• सेवा सुल्का दस्तुर | • सम्पति कर<br>• घर वहाल कर<br>• घरजग्गा रजिस्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्का दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर | • सेवा शुल्का<br>• दस्तुर<br>• दण्ड जरिवाना<br>• प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी<br>• पर्यटन शुल्क |

| | | | |
|---|---|---|---|
| • पर्यटन दस्तुर<br>• सेवासुल्का दस्तुर<br>• दण्ड जरिवाना | • दण्ड जरिवाना | • व्यासाया कर<br>• भुमी कर (मालपोत)<br>• दण्ड जरिवाना<br>• मनोरंजन कर<br>• मालपोत संकलन | |

## २.२ गाउँपालिकाको एकल अधिकारः

### १) कर

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर लगाउनु पर्ने । (मालपोत) " ऐनमाघरले चर्चेको जग्गा "भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । आर्थिक ऐन), २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था(
- भूमि कर (मालपोत) आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

### २) शुल्क

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाईडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- गाउँपालिकाद्वारा निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
- एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**२) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण

- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ।

(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा गाउँपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**३) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**४) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्व को क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**५) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानूनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने संवैधानिक ) (व्यवस्था

- कर नलाग्ने कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने।

# परिच्छेद तिनः गाउँपालिकाको अवस्था विश्लेषण

## ३.१ गाउँपालिकाको सक्षिप्त परिचय

गाउँपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मावन शंसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ ।

## ३.२ गाउँपालिकाको गठन तथा नामांकरण

झिमरुक गाउँपालिका नेपालको प्रदेश न ५ अन्तर्गत प्युठान जिल्लामा रहेको छ । झिमरुक गाउँपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा बिशेष संरिक्षत वा स्वायत क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णयअनुसार माननीय संघिय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साबिकका ओखरकोट , बाँदिकोट, वांगेमरोठ , तोरबाङ र तुषारा गा. वि. स गरि ५ वटा गा. वि. स र लिवाङ गा. वि. स का ७, ८, र ९ वडा समावेश गरी भएको हो र यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ ।

।

झिमरुक गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला पर्दछ भने, पश्चिममा नौबहिनी गाउँपालिका र प्यूठान न.पा. पर्दछ, उत्तरमा झिमरुक गाउँपालिमा र नौबहिनी गाउँपालिका पर्दछन् र दक्षिणमा प्यूठान न.पा., मल्लरानी गाउँपालिका र अर्घाखाँची जिल्ला पर्दछन् । भौगोलिक हिसाबले ८२ डिग्री ५४ मिनेट ३५.७६ सेकेण्ड देखि ८३ डिग्री ३ मिनेट ३६.०३ सकेण्ड पूर्वी देशान्तर र २८ डिग्री ६ मिनेट ७.१९ देखि २८ डिग्री ११ मिनेट ४८.३१ सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित झिमरुक गाउँपालिका लुम्बिनी प्रदेशको करीब १०६.९३ व.कि.मी. क्षेत्रफल रहेको छ । झिमरुकको अधिकतम तापक्रम ४६ डिग्री, न्युनतम तापक्रम ० डिग्री रहेको पाईन्छ ।

## ३.३ प्रशासनिक विभाजन

प्रशासनिक विभाजनका आधारमा हेर्दा यस गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १०६.वर्ग कि ९३.मीरहेको छ । यस . गाउँपालिकाको कुल जनसंख्या २६४९१ रहेको छ। यस गाउँपालिकाको केन्द्र साविक गाको कार्यालयमा .स.वि. रहेको छ ।

## ३.४ भौगोलिक तथा प्राकृतिक अवस्था

प्यूठान जिल्लामा अवस्थित करीब १०६.९३ व.कि.मी. क्षेत्रफल रहेको झिमरुक गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला पर्दछ भने, पश्चिममा नौबहिनी गाउँपालिका र प्यूठान न.पा. पर्दछ, उत्तरमा झिमरुक गाउँपालिमा र नौबहिनी गाउँपालिका पर्दछन् र दक्षिणमा प्यूठान न.पा., मल्लरानी गाउँपालिका र अर्घाखाची जिल्ला पर्दछन् । जंगल तथा जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिकाको परिसरमा सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरु रहेका छन् । यो झिमरुक गाउँपालिका मिती २०७३/११/२२ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बाट झिमरुक गाउँपालिका रहन गएको हो । यो समुन्द्री सतह ८६८ देखि २१९९ मि. को उचाईमा, काठमाडौँदेखि लगभग ४२४ कि.मि. को दूरीमा स्थित छ । झिमरुक गाउँपालिकामा कूल ८ वडा रहेका छ ।




चित्र ६: झिमरुक गाउँपालिका भौगोलिक अवस्थिति

## ३.५ शैक्षिक अबस्था

सामुदायिक र संस्थागत गरी १० वटा मावि, ४३ वटा आधारभूत बिद्यालय गरी जम्मा ५३ वटा शिक्षण संस्थाहरु संचालित छन्

## ३.६ वस्तुगत रुपमा घरधुरी तथा जनसंख्या

झिमरुक गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७८ अनुसार यस गाउँपालिकामा ६१३० घरधुरी र २६४९१ जनसंख्या रहेको छ । यस गाउँपालिकाको जनघनत्व जना प्रति वर्ग कि.मि. रहेको छ । उक्त तथ्यांक अनुसार वडा नं १ मा सबैभन्दा बढी जनसंख्या रहेको छ भने वडा नं ३ मा सबैभन्दा कम जनसंख्या रहेको पाइन्छ । यस गाउँपालिकाको वडा अनुसार जनसंख्या तथा घरधुरी विवरण तलको तालिका १ मा देखाइएको छ ।

झिमरुक गाउँपालिकामा भएको १ नं. वडा साबिकका बांगेमरोट ६–९ र बाँदिकोट ८ र ९ मिलि बनेको छ । १ नं. वडा झिमरुक गाउँपालिका देखि पूर्व दिशामा पर्दछ । यस वडामा जम्मा ७६८ घरधुरी छन । यस वडामा जम्मा ३५५६ जना जनसंख्या रहेको छ ।जिल्ला समन्व समिति प्यूठान २०७३ अनुसार यस वडा बाट गाउँपालिकाको केन्द्रमा पुग्न आदी घण्टा र केन्द्रबाट वडा कार्यालयमा फर्कन एक घण्टा समय लाग्छ । १ नं. वडाका बजारी क्षेत्रहरू मच्छी, बाग्दुला हुन् । १ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ८ बिद्यालय रहेका छन । जस मध्ये ७ वटा आधारभुत बिद्यालय र १ वटा माध्यमिक बिद्यालय रहेको छ।

झिमरुक गाउँपालिकामा भएको २ नं. वडा साबिकका बाँदिकोट ३ र ७ मिलि बनेको छ । २ नं. वडा झिमरुक गाउँपालिका देखि पूर्व दिशामा पर्दछ । यस वडामा जम्मा ६४६ घरधुरी छन । यस वडामा जम्मा २८५० जना जनसंख्या रहेको छ ।जिल्ला समन्व समिति प्यूठान २०७३ अनुसार यस वडा बाट गाउँपालिकाको केन्द्रमा पुग्न एक घण्टा र केन्द्रबाट वडा कार्यालयमा फर्कन दुइ घण्टा समय लाग्छ । २ नं. वडाका बजारी क्षेत्रहरू ढाँड,मच्छी, बादुला हुन् । २ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ८ बिद्यालय रहेका छन । जस मध्ये २ वटा आधारभुत बिद्यालय र ६ माध्यमिक बिद्यालय रहेका छन ।

झिमरुक गाउँपालिकामा भएको ३ नं. वडा साबिकका ओखरकोट ५ र ६ ,बाँदिकोट १ र २ मिलि बनेको छ । ३नं. वडा झिमरुक गाउँपालिका देखि उत्तर पूर्व दिशामा पर्दछ । यस वडामा जम्मा

६६३ घरधुरी छन । यस वडामा जम्मा ३२०५ जना जनसंख्या रहेको छ ।जिल्ला समन्व समिति प्यूठान २०७३ अनुसार यस वडा बाट गाउँपालिकाको केन्द्रमा पुग्न एक घण्टा र केन्द्रबाट वडा कार्यालयमा फर्कन दुइ घण्टा समय लाग्छ । ३ नं. वडाका बजारी क्षेत्रहरू ढाँड,मच्छी, बादुला हुन् । ३ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ५ बिद्यालय रहेका छन । जस मध्ये २ वटा आधारभुत बिद्यालय र ३ माध्यमिक बिद्यालय रहेका छन ।

झिमरुक गाउँपालिकामा भएको ४ नं. वडा साबिकका बांगेमरोट १–५ र ओखरकोट ८ र ९ मिलि बनेको छ। ४ नं. वडा झिमरुक गाउँपालिका देखि दक्षिण पूर्व दिशामा पर्दछ । यस वडामा जम्मा ६८७ घरधुरी छन । यस वडामा जम्मा ३१५१ जना जनसंख्या रहेको छ ।जिल्ला समन्वय समिति प्यूठान २०७३ अनुसार यस वडा बाट गाउँपालिकाको केन्द्रमा पुग्न एक घण्टा र केन्द्रबाट वडा कार्यालयमा फर्कन दुइ घण्टा समय लाग्छ । ४ नं. वडाका बजारी क्षेत्रहरू ढाँड,मच्छी, बादुला हुन् । ४ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ६ बिद्यालय रहेका छन । जस मध्ये ५ वटा आधारभुत बिद्यालय र ज्ञ माध्यमिक बिद्यालय रहेका छन ।

झिमरुक गाउँपालिकामा भएको ५ नं. वडा साबिकका ओखरकोट १–४ र ७ मिलि बनेको छ । ५ नं. वडा झिमरुक गाउँपालिका देखि मध्य दिशामा पर्दछ । यस वडामा जम्मा ७०० घरधुरी छन । यस वडामा जम्मा २९९१ जना जनसंख्या रहेको छ ।जिल्ला समन्व समिति प्यूठान २०७३ अनुसार यस वडा बाट गाउँपालिकाको केन्द्रमा पुग्न एक घण्टा र केन्द्रबाट वडा कार्यालयमा फर्कन दुइ घण्टा समय लाग्छ । ५ नं. वडाका बजारी क्षेत्रहरू ढाँड,मच्छी, बादुला हुन् । ५ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ५ बिद्यालय रहेका छन । जस मध्ये ३ वटा आधारभुत बिद्यालय र २ माध्यमिक बिद्यालय रहेका छन ।

झिमरुक गाउँपालिकामा भएको ६ नं. वडा साबिकका तोरबंग १ –९ मिलि बनेको छ । ६ नं. वडा झिमरुक गाउँपालिका देखि दक्षिण पक्षीम दिशामा पर्दछ । यस वडामा जम्मा ९८७ घरधुरी छन । यस वडामा जम्मा ४३२३ जना जनसंख्या रहेको छ ।जिल्ला समन्व समिति प्यूठान २०७३ अनुसार यस वडा बाट गाउँपालिकाको केन्द्रमा पुग्न एक घण्टा र केन्द्रबाट वडा कार्यालयमा फर्कन दुइ घण्टा समय लाग्छ । ६ नं. वडाका बजारी क्षेत्रहरू ढाँड,मच्छी, बादुला हुन्

। ६ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ड बिद्यालय रहेका छन । जस मध्ये ७ वटा आधारभुत बिद्यालय र १ वटा माध्यमिक बिद्यालय रहेको छ।

झिमरुक गाउँपालिकामा भएको ७ नं. वडा साबिकका तुषारा २–९ मिलि बनेको छ । ७ नं. वडा झिमरुक गाउँपालिका देखि उत्तर पश्चिम दिशामा पर्दछ । यस वडामा जम्मा १०४६ घरधुरी छन । यस वडामा जम्मा ४९०२ जना जनसंख्या रहेको छ ।जिल्ला समन्व समिति प्यूठान २०७३ अनुसार यस वडा बाट गाउँपालिकाको केन्द्रमा पुग्न दुइ घण्टा र केन्द्रबाट वडा कार्यालयमा फर्कन साढे दुइ घण्टा समय लाग्छ । ७ नं. वडाका बजारी क्षेत्रहरू ढाँड,मच्छी, बादुला हुन् । ७ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ८ बिद्यालय रहेका छन । जस मध्ये ७ वटा आधारभुत बिद्यालय र १ माध्यमिक बिद्यालय रहेका छन ।

झिमरुक गाउँपालिकामा भएको ८ नं. वडा साबिकका लिवाङ ७–९ र तुषारा १ मिलि बनेको छ । ८ नं. वडा कार्यलय झिमरुक गाउँपालिका देखि उत्तर पश्चिम दिशामा पर्दछ । यस वडामा जम्मा ६२८ घरधुरी छन । यस वडामा जम्मा २९५३ जना जनसंख्या रहेको छ । ८ नं. वडाका बजारी क्षेत्रहरू ढाँड,मच्छी, बाग्दुला हुन् । ८ नं. वडामा निजि र सरकारी बिद्यालय गरि जम्मा ५ बिद्यालय रहेका छन । जस मध्ये ४ वटा आधारभुत बिद्यालय र १ माध्यमिक बिद्यालय रहेका छन ।

तालिका २: वडा अनुसार जनसंख्या वितरण

| वडा न. | घरधुरी संख्या | जनासंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ७६८ | १६०६ | १९५० | ३५५६ |
| २ | ६४६ | १३०२ | १५४८ | २८५० |
| ३ | ६६३ | १४०५ | १६५० | ३१०५ |
| ४ | ६८७ | १४९५ | १६५६ | ३१५१ |
| ५ | ७०० | १३१५ | १६७६ | २९९१ |
| ६ | ९८७ | २०५० | २२७३ | ४३२३ |
| ७ | १०४६ | २३३५ | २४६७ | ४९०२ |

| वडा न. | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| ८ | ६२८ | १४०५ | १५४४ | २९५३ |
| जम्मा | ६१३० | १००२७ | १४७६४ | २६४९१ |

## ३.७ आर्थिक अवस्था

पेशागत विवरण यस गाउँपालिकाका जनताको मुख्य पेशा नै कृषि रहेको छ । परम्परागत कृषि प्रणालीमा आधारित किसानहरु नै यसका आधार हुन । व्यापार व्यवसाय, रोजगारी र वैदेशिक रोजगारी पनि जनजीविकाका सहायक स्रोतहरु हुन ।

**कृषि तथा पशुपालनः** यस गाउँपालिकाको प्रमुख पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ । यस गाउँपालिकाको वर्तमान भूउपयोग हेर्दा ६४.८७ प्रतिशत खेतीयोग्य जमिन ३५.०६ प्रतिशत बनक्षेत्र ले ओगटेको छ । यस क्षेत्रमा उत्पादन हुने मुख्य खाद्य तथा अन्नबालीमा धान, मकै, गहुँ, कोदो, आलु, दलहन, तरकारी र फलफूल रहेका छन । त्यस्तै पशुपंक्षीहरुमा गाई भैसी, बाख्रा खसीबोका, कुखुरा हाँस आदि रहेका छन । गाउँपालिकाको स्थलगत सर्वेक्षण, २०७९ अनुसार यस गाउँपालिकामा १० वटा कृषि तथा पशुपक्षी फर्म रहेको देखिन्छ । यस गाउँपालिकामा आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने परिवार लगभग १५.२३ प्रतिशत रहेको छ ।

पर्यटन (प्रशिद्ध स्थलहरु) यो गाउँपालिका विभिन्न ऐतिहासिक, धार्मिक, साँकृतिक तथा पर्यटकीय दृष्टिकोणबाट धनी नै मानिन्छ । यस गाउँपालिकामा मुख्यरुपमा १० वटा पर्यटकीय स्थानहरु रहेका छन । प्रशिद्ध स्थलहरु मुख्य गरी रकगार्डेन आखरकोट बाँदिकोट इख्राथान रहेका छन। यी स्थानहरुलाई व्यवस्थित गर्न सकेको खण्डमा आन्तरिक तथा वाह्य पर्यटकहरु बढ्न गई थप आर्थिक अवसर सिर्जना गर्न सकिने देखिन्छ ।

**सिंचाई** यस गाउँपालिको सिंचाई सुविधाको उपलब्धतालाई हेर्दा २५ वटा सिंचाई ससाना आयोजनाहरु रहेका छन । यी आयोजनाबाट गाउँपालिकाको बासिन्दा लाभान्भित भएको देखिन्छ।

यातायात पहुँचः यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि यातायातको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस गाउँपालिका र गाउँपालिकाका सबै वडामा मोटरबाटो पुगेको पाइन्छ ।

आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा गाउँपालिका स्तरीय यातायात गुरुयोजना अनुसार व्यवस्थित रुपमा सडक निर्माण तथा स्तरोन्नती गरिने उल्लेख छ ।

उद्योग, व्यापार व्यवसाय तथा कलकारखानाः यस गाउँपालिकामा ५ वटा मिल, १ वटा सुधारिएको पानी घट्ट रहेका छन । त्यसैगरी ५ वटा क्रसर उद्योग रहेका छन । त्यसैगरी २१ वटा होटल रेष्टुरेष्ट र २१ वटा कृषि तथा पशुपंक्षी फर्म रहेका छन । आर्थिक गणना २०७५ अनुसार यस गाउँपालिकामा ३९७ वटा व्यापार व्यवसाय संचालनमा रहेको देखाउँछ ।

मुख्य व्यापारिक केन्द्रहरु यस गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रहरुमा मत्स्रसे ढाँड,मच्छी, बाग्दुला रहेको छ ।यी बजारमा दैनिक थोक बजारको रुपमा कृषि बजार बाहेक हाटबजार संचालन हुने गर्दछ । यस गाउँपालिकाको धेरै वडा नं. मा संकलन केन्द्र रहेका छन ।

खानेपानी तथा सरसफाई खानेपानीको वितरण प्रणाली तथा स्रोतको आधारमा पाईटबाट वितरण गरिने विधि अरुभन्दा सुरक्षित मानिन्छ ।

**भवन तथा आवास**-यस गाउँपालिकाका बसोबास गरेको घरको स्वामित्व अनुसार परिवार संख्याको विश्लेषण गर्दा नीजी घरमा बसोबास गर्ने घरधुरी ९९.२० प्रतिशत रहेको छ भने भाडाको घरमा बसोबास गर्ने घरधुरी ०.११ प्रतिशत मात्र रहेको छ । त्यसैगरी घरको वनावटको प्रकारका आधारमा हेर्दा सबैभन्दा बढी ५३१ घरहरु आसीसी –पिल्लर सहितको), ९९५ घरहरु ढंगाको घर सिमेन्टको जोडाई, ७७५ घरहरु इटावाल –पिलर नभएको), ३५०० घरहरु ढंगाको घर माटोको जोडाई, ५० घरहरु काठको, ८० घरहरु व्लक र सिमेन्टको जोडाई र २०० वटा घरहरु अन्य रहेको देखिन्छ ।

**स्वास्थ्य** मानिसहरुको सहज जीवनको लागि स्वास्थ्य महत्वपूर्ण भूमिका रहेको हुन्छ । राम्रो स्वास्थ्यको लागि मानिसहरुमा स्वास्थ्य व्यवहार, स्वास्थ्यसम्बन्धीको जानकारी तथा ज्ञान, सहज स्वास्थ्यसुविधा र स्वास्थ्य सुविधामा पहुँचको जरुरी हुन्छ । यस गाउँपालिकामा ८ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वास्थ्य केन्द्र र ३६ वटा महिला स्वयंसेविका रहेको पाइन्छ भने बजार क्षेत्रमा निजी औषधी पसल तथा क्लिनिकहरु रहेको पाइन्छ।

यस गाउँपालिकामा “क” वर्गका ५ वटा बैक तथा “घ” वर्गका २ वटा लघुवित्त संस्था रहेको पाइन्छ । यी बैंक तथा लघुवित्तहरुबाट यस गाउँपालिकामा वित्तीय सेवा प्रदान गर्दै आइरहेका छन

। साथै, यस गाउँपालिकामा २१ वटा सहकारी संस्था रहेको देखिन्छ । जसबाट वचत तथा साना साना छरिएर रहेका वचत र पूँजीलाई संकलन गरी आर्थिक विकासमा टेवा पुऱ्याएको देखिन्छ ।

**फोहरमैला व्यवस्थापनः** यस गाउँपालिकाको स्थलगत सर्वेक्षण, २०७९ अनुसार गाउँपालिकाको फोहरमैला व्यवस्थापनको स्थितीलाई हेर्दा कुल घरधुरीमध्ये २८७५ घरधरुीले फोहोरमैला व्यवस्थापनका लागि केही नगरेको, १२१५ घरधुरीले वर्गीकरण नगरी व्यवस्थापन गर्ने, ४०० घरधुरीले वर्गीकरण गरी अलग व्यवस्थापन, २२१ घरधुरीले फोहोर संकलन संस्थाले उठाउने, २० घरधुरीले पालिकाले संकलन गरी व्यवस्थापन गर्ने र ९ घरधुरीले फोहोरमैला व्यवस्थापन गर्ने अन्य विधि प्रयोग गर्ने गरेको पाइन्छ । फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइट निर्माण भैरहेको पाइन्छ।

## ३.८ गाउँपालिकाको मानवस्रोत

नेपालको संविधान, २०७२ जारी भएपश्चात् संघीयता कार्यान्वयनका पहिलो चरणस्वरूप स्थानीयतहको निर्वाचन (पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते) सम्पन्न भई स्थानियतहको गठन भएको हो । यस गाउँपालिकामा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, कृषि सेवा केन्द्र गरी ५ वटा विषयगत शाखा र २ वटा इकाई रहेका छन । यस गाउँपालिकाको स्वीकृत पद र दरबन्दी संख्यासम्बन्धी विवरण तलको तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका ३: गाउपालिकाको स्वीकृत पद र संख्या

| स्वीकृत दरवन्दी र कार्यरत कर्मचारी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | पद | सेवा | समुह | श्रेणी तह | स्वीकृत दरवन्दी संख्या | पदपुतिको आवस्था | |
| | | | | | | स्थायी | करार |
| १ | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | सा.प्रशासन | ८औं | १ | १ | ० |
| २ | अधिकृत | प्रशासन | सा.प्रशासन | ६औं | २ | १ | ० |
| ३ | अधिकृत | प्रशासन | लेखा | ६औं | १ | १ | ० |
| ४ | हे.अ. | स्वास्थ्य | हे.ई. | ६औं | १ | १ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ईन्जिनियर | ईन्जि. | सिभिल | ६औ | १ | ० | १ |
| ६ | अधिकृत | शिक्षा | शि.प्र. | ६औ | १ | १ | ० |
| ७ | सि.अ.न.मी निरिक्षक | स्वास्थ्य | प.हे.न | ६औ | १ | १ | ० |
| ८ | सहायक पाँचौ | प्रशासन | सा.प्रशासन | ५औ | ४ | २ | ० |
| ९ | आन्तरिक लेखा परीक्षक(ले.पा.) | प्रशासन | लेखा | ५औ | १ | ० | ० |
| १० | लेखा सहायक | प्रशासन | लेखा | ५औ | १ | १ | ० |
| ११ | सव ईन्जिनियर | ईन्जि. | सिभिल | ५औं | १ | ० | १ |
| १२ | कम्प्यूटर अपरेटर | ीविविध | | ५औं | १ | १ | ० |
| १३ | प्रा.स. | शिक्षा | शि.प्र. | ५औ | १ | १ | ० |
| १४ | अ.सव ईन्जिनियर | ईन्जि. | सिभिल | ४औ | १ | १ | ० |
| १५ | खा.पा.स.टे चौथो | ईन्जि. | सिभिलरस्यानेटरी | ४।५औ | १ | १ | |
| १६ | सहायक महिला विकास निरिक्षक | ीविविध | | चौथो | १ | ० | १ |
| | | | | | २० | १३ | ३ |
| **वडा कार्यालयतर्फ** | | | | | | | |
| १ | सहायक | प्रशासन | सा.प्रशासन | ५औं | ३ | २ | ० |
| २ | सहायक | ईन्जि. | सिभिल | ५औ | ३ | ० | १ |
| ३ | सहायक | प्रशासन | सा.प्रशासन | चौथो | ५ | २ | १ |
| ४ | सहायक | ईन्जि. | सिभिल | चौथो | ५ | २ | २ |
| | | | | | १६ | ६ | ४ |
| **पशु सेवातर्फ** | | | | | | | |
| १ | | कृषि | भेट | ८।९ औ | १ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | | कृषि | भेट | ५ औ | १ | ० | ० |
| ३ | | कृषि | लापोडेडे | ५ औ | १ | ० | ० |
| ४ | | कृषि | भेट | ४औ | १ | ० | ० |
| ५ | | कृषि | लापोडेडे | ४औ | १ | ० | ० |
| ६ | | प्रशासन | कार्यालय सहयोगी | श्रेणी विहिन | | १ | ० |
| जम्मा | | | | | ५ | १ | ० |
| **कृषि एकाइतर्फ** | | | | | | | |
| १ | अधिकृत | | | ७।८औं | १ | ० | १ |
| २ | अधिकृत | कृषि | वाली संरक्षण | ६औ | १ | १ | ० |
| ३ | | कृषि | | ५औं | १ | ० | १ |
| ४ | | कृषि | | ४औं | १ | ० | १ |
| | | | | | ४ | १ | ३ |
| **स्वास्थ्य तर्फ** | | | | | | | |
| **क.स.** | **पद** | **सेवा** | **समुह** | **श्रेणी तह** | **स्वीकृत दरवन्दी संख्या** | **पदपुतिको आवस्था** | |
| | | | | | | **स्थायी** | **करार** |
| १ | अधिकृत | स्वास्थ्य | हे.ई. | ६औ | ५ | ३ | २ |
| २ | सहायक | स्वास्थ्य | हे.ई. | ५औ | ५ | १ | ४ |
| ३ | सहायक | स्वास्थ्य | क.न. | ५औ | ५ | ४ | १ |
| ४ | सहायक | स्वास्थ्य | हे.ई. | ४औ | ५ | ३ | २ |
| ५ | सहायक | स्वास्थ्य | क.न. | ४औ | ५ | २ | ३ |
| | | | | | २५ | १३ | १२ |
| **आन्तरिक कोष तर्फ** | | | | | | | |
| १ | सुचना प्रविधि अधिकृत | सु.प्र.अ. | | | १ | ० | १ |
| ३ | सवारी चालक | | | | १ | १ | करार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | कार्यालय सहयोगी | | | | आवश्यकता अनुसार | ६ | करार |
| ७ | सुरक्षा गार्ड | | | | २ | २ | करार |
| ८ | सुरक्षा गार्ड | | | | | | |
| ९ | स्वीपर | | | | | १ | करार |
| १० | वडा कार्यालय तर्फ सहयोगी | | | | ८ | ८ | करार |
| | | | | | | १८ | |
| **रोजगार कार्यक्रमतर्फ** | | | | | | | |
| १ | रोजगार संयोजक | | | | १ | १ | करार |
| २ | प्रा.स. | | | | १ | १ | करार |
| ३ | रोजगार सहायक | | | | १ | १ | करार |
| | जम्मा | | | | | ३ | |
| **पंजिकरण तर्फ** | | | | | | | |
| १ | एम.आई. एस. अप्रेटर | | | | १ | १ | करार |
| २ | फिल्ड सहायक | | | | १ | १ | करार |
| | | | | | | २ | |
| **एक गाउ एक प्राविधिक** | | | | | | | |
| २ | ना.प.से.प्रा. | चौथो | | | १ | १ | करार |
| ३ | ना.प्रा.स. | चौथो | | | १ | १ | करार |
| ४ | ना.प.स्वा.प्रा. | चौथो | | | २ | २ | करार |
| जम्मा | | | | | ४ | ४ | |
| **लघु उद्यम विकास कार्यक्रम** | | | | | | | |
| १ | उद्यम विकास सहजकर्ता | चौथो | | | २ | २ | करार |
| | | | | | २ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **पोषण स्वयं सेवक** | | | | | | | |
| १ | पोषण स्वयं सेवक | स्वयं सेवक | | | १ | १ | करार |
| जम्मा | | | | | १ | १ | |

## ३.९ गाउँपालिकाको भौतिक सम्पतिको अवस्था

यस गाउँपालिकाको भौतिक सम्पत्तिको कुरा गर्दा स्थलगत सर्वेक्षणबाट प्राप्त विवरण अनुसार गाउँपालिकामा ६ वटा भएको वडा नं. ३ र ८ को पक्की भवन नभएको र सबै वडाका भवन आफ्नै भएको पाइन्छ । त्यस्तै २ गाडि, १ स्काभेटर, ११ मोटरसाइकल र २ वटा एम्बुलेन्स रहेको पाइन्छ । यस गाउँपालिकामा भएका भौतिक सम्पतिको विवरण तालिका ३ मा राखिएको छ ।

तालिका ४: गाउँपालिकाको भौतिक सम्पतिको विवरण

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | कार्यालयका भवनहरु (वडा भवन समेत) | |
| क | गाउँपालिकाको प्रशासकीय भवन | १ |
| ख | वडा कार्यालय भवनहरु | ६ |
| ग | स्वास्थ्य संस्था | ८ |
| २ | सवारी साधन | |
| क | जिप | १ |
| ख | मोटरसाईकल | २३ |
| ३ | फर्निचर | |
| क | टेबुल | ४६ |
| ख | दराज | २२ |
| ग | स्टील दराज | ५ |
| घ | टि–टेवुल | ४१ |
| ङ | कम्प्यूटर टेवुल | २८ |

| | | |
|---|---|---|
| च | बेन्च | ८ |
| छ | ¥याक | ५३ |
| ज | मिटिङ्ग टेवुल | १ |
| झ | थ्री सिटर | २० |
| ञ | कुर्ची | १३३ |
| ट | सोफासेट | १७ |
| ठ | रभिल्बिङ्ग चियर | ४६ |
| ४ | कम्प्युटर | २८ |
| ५ | प्रिन्टर | ३४ |
| ६ | ल्यापटप | २० |

# परिच्छेद चारः गाउँपालिकाको राजश्व परिचालन अवस्था विश्लेषण

## ४.१ आय संकलनको संस्थागत क्षमता तथा अवस्था

यसमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ । यस विश्लेषणबाट गाउँपालिकाको थप आय संकलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्ने देखिन्छ ।

### ४.१.१.राजस्व परिचालन सम्बन्धी नीतिगत तथा संस्थागत व्यबस्था

गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक बजेट, नीति तथा कार्यक्रममा राजस्व परिचालन सम्बन्धी निम्न नीति लिएको पाइन्छ ।

- कर तिर्नु जनताको दायित्व हो भन्ने बोध गराउँदै आन्तरिक आयका थप क्षेत्रहरुको खोजी तथा बिस्तार गरी अभिलेखीकरण गरिनेछ ।
- आन्तरिक आयलाई व्यवस्थित गराउन आवश्यक नियम निर्देशिका तथा कार्यावीधिहरु बनाई लागु गरिनेछ ।
- कर संकलनमा संलग्न कर्मचारी तथा करदाताको क्षमता बिकासका लागि तालिम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाको झिमरुक लगायतका नदी क्षेत्रबाट ढुंगा गिट्टी तथा बालुवाको प्रारम्भिक वातावरणीय परीक्षण गरी उपयुक्त देखिएका क्षेत्रहरुबाट उत्खनन् गरी राजस्व संकलनको व्यवस्था गरिनेछ ।
- एकिकृत सम्पत्ति कर प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- कर प्रणालीलाई सफ्टवेयर प्रयोगबाट थप व्यवस्थित बनाइनेछ । कर संकलन गर्न थप जनशक्ति र शाखा व्यवस्था गरिनेछ ।
- प्राकृतिक स्रोतको कर उठाउँदा प्रभावित क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।

## ४ २.१.राजस्व परिचालन सम्बन्धि संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रुपमा ब्यबस्थापन गर्ने भूमिका राजस्व प्रशासनको भएकाले राजस्व संकलनका लागि गाउँपालिकाको संस्थागत अवस्था र क्षमताका विषयमा विश्लेषण गरिएको छ ।

**स्थानीय राजस्व परामर्श समिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ। यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति तालिका ९ मा देखाइएको छ ।

तालिका ५: राजस्व परामर्श समिति

| **क्र.सं.** | **नम** | **पद** | **जिम्मेवारी** |
|---|---|---|---|
| १ | श्री प्रमोद पोखेल | गा पा उपाध्यक्ष | संयोजक |
| २ | श्री सुवाश रिजाल | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | श्री तुलसा के सी | गाउँकार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री दधिराम पोखेल | वडा अध्यक्ष ५वडा न - | सदस्य |
| ५ | श्री वोधिराम पोखेल | अध्यक्ष उद्योग बाणिज्य संघ मच्छी- | सदस्य |
| ६ | श्री पिताम्वर मरासिनी | अधिकृत छैठौं —लेखा | सदस्य सचिव- |
| ७ | | | |

यस गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री प्रमोद पोखेल को संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक बसी आवश्यक निर्णयहरु हुने गरेको देखिन्छ । राजस्व परामर्श समितिको बैठकमा सरोकारवाला पक्षको सहभागिता हुन सकेको देखिदैन । साथै राजस्व परामर्श समितिका सदस्यहरुलाई राजस्वका स्रोतगत आधारमा वस्तुपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी कार्यन्वयन गर्ने सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ ।

**राजस्व शाखा तथा राजस्व प्रशासन**

यस गाउँपालिकाको संगठन संरचनामा राजस्व शाखाको व्यवस्था छैन। हाल आर्थिक प्रशासन शाखाको कर्मचारीबाट राजस्व प्रशासनसम्बन्धी कामकाज हुदै आएको अवस्था छ । कार्यकक्ष तथा कार्यस्थल पर्याप्तता छैन । सामान्य कार्य संचालनका लागि हाल भएको फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरुको पर्याप्तता छ । यस शाखामा पर्याप्त संख्यामा आवश्यक कर्मचारी तथा सफ्टवेयरको व्यवस्था भएको देखिदैन । नेपाल सरकारबाट दिएको सुत्र सफ्टवेयर बाहेक अन्य सफ्टवेयरको प्रयोग भएको छैन ।

### ४.१.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकालाई आन्तरिक आय परिचालनसम्बन्धी प्राप्त कानूनी अधिकार अनुसार आन्तरिक आय परिचालनको अवस्थालाई यहाँ विश्लेषण गरिएको छ।यस गाउँपालिकामा सम्भावना भएका आन्तरिक आयका शीर्षकहरूको संभाव्यता, दरको निर्धारण तथा संकलनको अवस्थालाई तालिका १० मा प्रस्तुत गरिएको छ ।

तालिका ६: स्थानीय तहलाई प्राप्त आन्तरिक राजस्व अधिकार र परिचालनको अवस्था

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| | सम्पत्ति कर | नभएको | नभएको | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | भएको |
| | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| | व्यवसाय कर | भएको | भएको | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | कवाडि नभएको |
| | विज्ञापन कर | नभएको | नभएको | नभएको |
| | मनोरन्जन कर | भएको | नभएको | नभएको |
| ख. | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | भएको | भएको | भएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | नभएको | नभएको | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको | भएको | नभएको | भएको |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| | आय | | | |
| | नक्सापास दस्तुर | भएको | नभएको | नभएको |
| | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | भएको | भएको | भएको |
| | बहाल बिटौरी शुल्क | नभएको | नभएको | नभएको |
| | पार्किङ्ग शुल्क | नभएको | नभएको | नभएको |
| | अस्पताल संचालन | नभएको | नभएको | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | नभएको | नभएको | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, बसपार्क, पुलआदि | भएको | नभएको | नभएको |
| | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म आदि) | भएको | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| | दण्ड जरिवाना | भएको | भएको | भएको |

यस गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा अन्य कर प्राकृतिक स्रोत साधन आय, सम्पत्ति, मालपोत, सिफारिश तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, घर बहाल कर, व्यवसाय कर, व्यवसाय कर आदि रहेका छन।

## ४.२ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्व का विभिन्न शीर्षक अन्तरगत राजस्व संकलन गर्न सक्नेछन।कर राजस्व तथा गैरकर राजस्वका शीर्षकहरु यस प्रकार छ ।




चित्र ७: आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ४.२.१ कर राजस्व

गाउँपालिकाको राजस्वका विभिन्न स्रोतहरुमध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यस प्रकार रहेका छन्:

## १ सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको हुँदा उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने कानूनी व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनको दफा २ मा गाउँपालिका क्षेत्रभित्र अनुसूची १ वमोजिम एकिकृत सम्पति कर लगाइने कुरा उल्लेख गरिएको छ । तर नेपाल ऐन संशोधन गर्ने ऐन (घरजग्गा कर), २०७५ अनुसार स्थानीय तहले आफ्नो तहभित्र रहेका घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था गरेको सन्दर्भमा संघीय कानूनसँग तादात्म्य हुने गरी गाउँपालिकाको आर्थिक ऐन बनेको देखिन्छ । यस गाउँपालिकाले विगतका आ हरुमा.व.धेरै शीर्षकमा कुनै राजस्व प्राप्त गरेको अभिलेख देखिदैन भने चालू आ .व. २०७८/७९ मा ५ लाख १० हजार ८५ सम्पत्ति कर उठाएको देखिन्छ ।

**संभाव्यताः**

यस गाउँपालिकाको प्रोफाइल अनुसार यहाँ कुल ६१३० घरधुरी रहेको पाइन्छ । विद्यमान कानूनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल घरधुरीमध्ये ९५ प्रतिशतको आफ्नै घर रहेको हुँदा सो घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । यसरी आफ्नै स्वामित्वमा भएका घरहरूलाई जस्ताको छाना भएका घर, खरको छाना भएका घर, टायल वा ढुंगाको छाना भएका घर, काठको छाना भएका घर, आरसीसी ढलान भएका घर आदि गरी ६ समूहमा वर्गिकरण गरी यी ६ किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्न उपयुक्त हुने प्रस्ताव गरिएको छ । जस अनुसार सम्पत्ति करको अनुमानलाई तालिका ४ मा देखाइएको छ ।

तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| **घरको छाना सम्बन्धी विवरण** | **करदाताको संख्या** | **करको औसत दर (प्रस्तावित)** | **सम्भाव्य कुल आय रु.** |
|---|---|---|---|
| जस्ताको छाना भएका घर | ३५०० | १५० | ५२५००० |
| खरको छाना भएका घर | ७७५ | १०० | ७७५०० |
| टायल वा ढुंगाको छाना भएका घर | ९८५ | २०० | १९७००० |
| काठको छाना भएका घर | ५० | १२५ | ६२५० |
| आरसीसी ढलान भएका घर | ५३१ | २५० | १३२७५० |
| अन्य | २८० | ५० | १४००० |
| जम्मा | ६१३० | | ९५२५०० |

स्रोतः गाउंपालिकाको प्रोफाइल,

माथि उल्लेखित तालिकाको विश्लेषण गर्दा कुल ६१३० सम्भाव्य करदाताबाट प्रस्तावित दरमा सम्पत्ति कर उठाउँदा वार्षिक रु.९५२५०० रुपैया संकलन हुने सम्भावना देखिन्छ । सम्पत्ति कर प्रयोजनका लागि आवश्यक तथ्यांकको अभावका कारण घरको छानाको प्रकारलाई मात्र आधारमा अनुमान गरिएको छ । गाउँपालिका भित्र रहेका उद्योग, आवासिय भवनहरु, व्यापारिक भवनहरु समेत यस क्षेत्रमा हुनसक्ने भएकोले अनुमान गरेको भन्दापनि धेरै राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

सम्पत्ति कर कार्यान्वयनका लागि यस गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छ ।

- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरीहरुलाई सम्पत्तिकरको दायरा भित्र ल्याउने ।
- सम्पत्ति कर तथा मालपोत कर छुट्टाछुट्टै निर्धारण गर्ने ।
- घर करको रुपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरी समावेश गर्ने ।

- सम्पत्ति करसम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ति करसम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर गाउँपालिका कार्यालय तथा सबै वडाहरूबाट संकलन गर्ने
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

## २ मालपोत वा भूमि कर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ ।

**विद्यमान अवस्थाः**

नेपाल ऐन संशोधनअनुसार स्थानीय तहले आफ्नो तहभित्र रहेका घरहरुले चर्चेको क्षेत्रभित्र सम्पत्ति कर र त्यसबाहेकको जमिनमा मालपोत लगाउन पाउने व्यवस्था गरेको छ । मालपोत कार्यालय प्युठानले न्यूनतम् मूल्य निर्धारण समितिको निर्णयानुसार मालपोत नियमावली, २०३६ (संसोधन सहितको) नियम ५ ख बमोजिम जिल्लाका नव गठित गाउँपालिका र नगरपालिकाहरुको जग्गा मूल्याङ्कन दर निर्धारण गरेको छ । गाउँपालिकाको आर्थिक ऐनको दफा ३ मा गाउँपालिका क्षेत्रभित्र अनुसूची २ वमोजिम मालपोत कर लगाइने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले मालपोत कर प्रयोजनको लागि प्रति रोपनी २० रोपनीसम्म प्रति व्यक्ति रु. ५, २० रोपनीभन्दा बढी प्रतिव्यक्ति रु. १० र क्षेत्रफल यकिन नभएका जग्गाको हकमा रु. ५ का दरले जग्गाको मूल्याङ्कन गरी राजस्व दर निर्धारण गरेको देखिन्छ । मालपोत कर वापत गाउँपालिकाले रु. २१ लाख ११ हजार ५४४.४० राजस्व संकलन गरेको देखिन्छ ।

**संभाव्यताः**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । यस गाउँपालिकाले जग्गाको क्षेत्रफका आधारमा मालपोतको दर निर्धारण गरेको देखिन्छ । भूमिको उत्पादकत्व, मूल्य तथा समग्र विद्यमान संभावना, स्थानीय वासिन्दाको कर तिर्न सक्ने क्षमता, सडकलगायतका पूर्वाधार विकासको अवस्था जस्ता विविध पक्षहरुको विश्लेषणमा आधारित रही भूमिको वर्गीकरण गरी सो

आधारमा वैज्ञानिक ढंगबाट भूमिकर निर्धारण गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको प्रोफाइल अनुसार यस गाउँपा िलकामा ६१३० घरपरिवार रहेको तथा गाउँपालिकाको कुल क्षेत्रफलको
४४.१७ प्रतिशत खेतीयोग्य रहेको उल्लेख छ । उक्त प्रतिशललाई कुल क्षेत्रफलको अनुमानका आधारमा करिब ७९७३५ रोपनी खेतीयोग्य जमिनलाई प्रति रोपनी औसत मालपोत कर रु. १८ का दरले गणना गर्दा वार्षिक रु. १४ लाख ३५ हजार २३० रुपियाँ थप राजस्व असुल हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन् ।

- गाउँपालिकाले क्षेत्रभित्र रहेको कुल खेतीयोग्य जमिनको किसिमका आधारमा लगत तयार गर्ने ।
- भूमिकर सम्बन्धी कार्यविधी तर्जुमा गरी कर संकलन गर्ने
- करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रहरुमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

### ३) घरजग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा ४ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घरजग्गा बहाल कर लगाउने उल्लेख गरेको छ । यस गाउँपालिकाले घर बहाल कर अन्तर्गत आ.व. २०७८/७९ मा रु. १ लाख ४२ हजार १५१ रुपैया राजस्व असुल गरेको पाइन्छ भने चालू आ.व. २०७९/८० मा यस शीर्षकमा मा रु. १

लाख ६० हजार १०० रुपैया अनुमान गरेकोमा बैशाखसम्म रु १ लाख ५८ हजार राजस्व असुल गरेको देखिन्छ ।

**संभाव्यताः**

यस गाउँपालिकाको प्रोफाइल तथा स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिका क्षेत्रभित्र विभिन्न प्रकारले १२२ परिवार/संस्था बहालमा बसेको अनुमानका आधारमा घरजग्गा बहाल करको सम्भाव्यताको अनुमान गरिएको छ । गाउँपालिकाको घरजग्गा बहाल करको सम्भाव्यता विवरणलाई तालिका ५ मा देखाइएको छ ।

तालिका ८ः घरजग्गा बहाल करको सम्भाव्यता विवरण

| क्र. सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत भाडा रकम | वार्षिक जम्मा रकम | अनुमानित घर बहाल कर |
|---|---|---|---|---|---|
| १ | घरायसी प्रयोजनमा बस्नेहरु | २००० | २०० | ४०००००० | ४०००००० |
| २ | बैंक | ७ | २००० | १४००० | १४००० |
| ३ | लघुवित्त संस्था | १ | २००० | २०००० | २०००० |
| ४ | सहकारी संस्था | २० | १००० | २०००० | २०००० |
| ५ | संस्थागत विद्यालय | ५ | १५०० | ७५०० | ७५०० |
| ६ | व्यापार व्यवसाय | ३९५ | ४०० | १५८००० | १५८००० |
| ७ | रेडियो एफ.एम | १ | ५०० | ५०० | ५०० |
| ८ | गैह्रसरकारी संस्था | ५ | १५०० | ७५०० | ७५०० |
| ९ | होटल रेष्टुरा | ५४० | १०० | ५४००० | ५४००० |
| जम्मा | | २९७४ | | ६८१५०० | ६८१५०० |

मथि उल्लेखित तालिकाअनुसार बहालमा बस्ने अनुमानित संख्या र प्रस्तावित विभिन्न दर अनुसार गाउँपालिकामा वार्षिक रु .६ लाख ८ हजार १५ सय घरजग्गा बहाल कर उठ्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र बस्ने व्यक्तिहरु/संस्थाको विवरण अद्यावधिक गर्ने ।
- घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने ।
- गाउँपालिकाको स्वमित्वमा भएका खाली जग्गाहरु उपभोगका लागि भाडामा वा लिजमा लगाएर राजस्व कर प्राप्त गर्ने ।

### ४) व्यापार व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिका आर्थिक ऐन २०७५ को दफा ५ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने व्यवस्था रहेको छ । आ.व. २०७८/७९ मा यस शीर्षकबाट रु. ५ लाख ९२ हजार ७८५ रुपियाँ । चालू आ.व. २०७९/८० मा यस शीर्षकमा रु ७ लाख राजस्व असुल गर्ने अनुमान गरेकोमा बैशाखसम्म रु. ६ लाख ५० हजार राजस्व संकलन भएको देखिन्छ ।

**संभाव्यताः**

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा एवं गाउँपालिकाको प्रोफाइल अनुसार यस गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका उद्योग, व्यापार व्यवसायहरुको बारेमा उल्लेख गरिएको छ । उक्त तथ्यांक अनुसार यस गाउँपालिकामा ३९५ वटा व्यवसाय संचालनमा रहेको र उक्त उद्योग तथा व्यवसायको प्रस्तावित दरमा सकेसम्म गाउँपालिकाको आर्थिक ऐनको अनुसूचीमा निर्धारण गरेको दरलाई नै आधार मानी व्यवसाय करको

सम्भाव्यता अनुमान गरिएको छ। यसमा १४० प्रकारले वर्गिकरण गरेको छ। यस गाउँपालिकाको व्यवसायसम्बन्धी विवरणलाई तालिका ६ मा देखाइएको छ ।

तालिका ९: गाउँपालिकामा रहेका व्यापार व्यवसायको विवरण

| व्यवसाय | संख्या | करको औषत दर | व्यवसाय |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | ९ | २००० | १८००० |
| उत्पादन तथा निर्माण व्यवसाय | १० | ५००० | ५०००० |
| खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ५ | २५०० | १२५०० |
| थोक तथा खुद्रा व्यापार | १०० | १५०० | १५०००० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | ७ | १००० | ७००० |
| होटल, लज | २३० | २००० | ४६०००० |
| वित्त, वीमा | १५ | ५००० | ७५००० |
| शिक्षा | १० | २००० | २०००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | ५ | १००० | ५००० |
| घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | ३ | ५००० | १५००० |
| क्रसर उद्योग | १ | ५००० | ५००० |
| जम्मा | ३९५ | | ८१२५०० |

मथि उल्लेखित तालिकाअनुसार व्यवसाय करमा प्रस्तावित दरमा कर असुली गर्दा गाउँपालिकाले वार्षिक रुसय उठ्ने व्यवसाय ५हजार १२लाख ८ . कर उठ्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- गाउँपालिकामा संचालित व्यवसायहरूको लगत व्यवस्थापन गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना क), ख, ग वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने । (
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने ।

- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

## ५) जडीवुटी, कवाडी, जीवजन्तु कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा ६ मा गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला, तथा अन्य कवाड सिसा आदि अनुसुची ५ बमोजिमको शुल्क लगाईने उल्लेख गरेको छ । तर हालसम्म यस शीर्षकमा राजस्व संकलन भएको कुनै तथ्यांक वा अभिलेख देखिदैन।

**सम्भावनाः**

यस गाउँपालिकाको विशेष गरी ४६ वटा सामुदायिक वन मा केही मात्रमा जडिबुटी उत्पादन हुने देखिन्छ । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीहरुमा चुलेवो, सुनाखरी, जिवान्ति, बाँसुरी, पानी अमला, गाईतियारे, अल्लो, सिस्नो, बुद्धचित्त आदि प्रमुख रुपमा रहेका छन । जसबाट गाउँपालिकाले राम्रो राजस्व संकलन हुने सम्भावनना रहेको छ । यहाँका प्रत्येक सामुदायिक वन क्षेत्रमा जडीवुटी खेतीलाई अझ बढी प्रवद्र्धन गरी बजारीकरण गर्न सकिने सम्भावना रहेको पाइन्छ । यस क्षेत्रमा उत्पादन हुने जडिबुटीको तथ्यांक अत्यावधिक गरी करको दायरामा लिन सकेको खण्डमा गाउँपालिका क्षेत्रबाट वार्षिक १०,००० किलो जडिबुटी संकलन गर्न सक्ने सम्भावना देखिन्छ । विभिन्न जडिबुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रु १० का दरले कर संकलन गर्दा रु १ लाख राजस्व संकलन हुने अनुमान गरिएको छ । यसैगरी यहाँको बजार क्षेत्रमा विभिन्न किसिमका कवाडीवस्तु करिब १०००० केजी उत्पादन तथा बिक्री वितरण हुने सम्भावना भएकोले प्रति केजी रु .का दरले हुन आउने रु ५ .५ लाख गरी जम्मा ६ लाख राजस्व संकलन हुने सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु:**

कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा संकलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गर्ने ।
- जडिबुटीको वर्गिकरण अनुसार तथ्याङ्क संकलन गर्ने र सोहि बमोजिम निकाशि शुल्क कायम गरेमा यो राजस्व रकम अझै बढ्न सक्ने ।
- जडिबुटी, कवाडी र जीवजन्तु सम्बन्धी करका लागि छुट्टाछुट्टै अभिलेख राखी आम्दानी राख्ने।
- गाउँपालिकाले व्यवसाय प्रवद्र्धन गर्न सहयोग तथा समन्वय गर्ने ।
- जडिबुटीको प्रकार अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।

## ६) विज्ञापन कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ पन करको दर निर्धारण र संकलन मा विज्ञा (ग) (१) %४०गाउँपालिकाले गर्ने व्यवस्था रहेको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ।

**विद्यमान अवस्था:**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा ७ मा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख भएअनुसार अनुसूची ६ बमोजिम विज्ञापन करको दर निर्धारण भएको छ । जस अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार—प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड होडिङ बोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ । विज्ञापन कर वापत हालसम्म कुनै राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावना**

यस गाउँपालिकाको सडक तथा व्यापारिक केन्द्रहरुमा विभिन्न व्यवसायिक निकायहरुको विज्ञापन राखी भविश्यमा यस शीर्षकबाट राम्रो राजस्व संकलन गर्न सक्ने सम्भावना देखिन्छ । यस

गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रको रुपमा रहेको बजार विज्ञापनका लागि उपयुक्त रहेको देखिन्छ । यस गाउँपालिकामा सडक र बजारको विकास तथा विस्तारसँगै विज्ञापन सामाग्रीको बृद्धि हुदै जाने अनुमान गरिएको छ । यस गाउँपालिकाको बजार क्षेत्रमा साना बोर्ड करिव १२०० वटा, मझौला २०० वटा र ठूला साइजका बोर्ड करिव ५० वटा स्थापना हुन सक्ने देखिन्छ । ठुलो साइजको बोर्डको करिव प्रति बोर्ड रु. २५००, मझौला खालको बोर्डको रु. २००० र साना बोर्डको रु. १००० को दरले कर लगाई विज्ञापन कर लिँदा करिव रु. १७ लाख २५ हजार कर संकलन हुने र सो को ६०% ले हुन आउने रकम रु. १० लाख ३५ हजार रकम संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क संकलन गर्ने ।
- विज्ञापन प्रवर्धनका लागि राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय व्यवसायीसँग समन्वय र सहकार्य गर्ने ।
- विज्ञापन एजेन्सीहरुसँग परामर्श र समन्वय गरी विज्ञापन सामाग्री जडानका लागि अनुरोध गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### ७) साना सवारी करकर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ गाउँपालिकाले टाँगा मा (क) (१), रिक्सा, अटो रिक्सा र इरिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने — व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐन साना सवारी करसम्बन्धी व्यवस्था भएको देखिदैन । गाउँपालिकाले हालसम्मद साना सवारी कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन सम्भावनाः

यस गाउँपालिकामा बजार क्षेत्रमा साना सवारी करको संकलन सम्भावना देखिन्छ । आगामी वर्षहरुमा सडक कालोपत्रे भएमा मात्र मुख्य बजार केन्द्रहरुमा अटोरिक्सा संचालन हुने सम्भावना

देखिन्छ । गाउँपालिकाले अटोरिक्सा, इ–रिक्सा दर्ता तथा नवीकरण गर्दा यस शीर्षकमा रु. १ लाख ५० हजार कर संकलन हुने अनुमान गरिएको छ ।

- गाउँपालिकाको आर्थिक ऐनमा साना सवारी कर दर निर्धारण गर्नुपर्ने ।
- अटो रिक्सा, ईरिक्सा लगाएत साना सवारी साधनको तथ्याङ्क संकलन तथा अद्याबधिक गर्ने — ।

## ८) प्राकृतिक स्रोत साधन आय कर

**विद्यमान अवस्थाः**

स्थानिय सरकार संचालन ऐन २०७४ तथा खानी तथा खनिज पदार्थ ऐन ले साधारण निर्माणमुखी खनिज हरु को खानी को नियमन गर्ने तथा राजस्व संकलन गर्ने अधिकार स्थानिय तहलाई दिएको छ । यस गाउँपालिकाको क्षेत्रभित्र करिब ५ वटा निर्माणमुखी ढुङ्गा खानी रहेका छन । गाउँपालिकाको आर्थिक ऐनको दफा १० मा प्राकृतिक स्रोत साधन उपयोग (बिक्री तथा निकासी) शीर्षकमा गिट्टी बालुवा दहत्तरबहत्तर संकलन बिक्री र निकासी गर्दा अनुसूची ९ बमोजिम शुल्क लगाइने व्यवस्था छ ।

**सम्भावनाः**

यस गाउँपालिका क्षेत्रभित्र रहेका १ वटा साधारण निर्माणमुखी ढुङ्गा खानी तथा ती खानीहरुको दैनिक क्षमतासम्बन्धी विवरण उपलब्ध हुन नसक्दा वार्षिक कर, रोयल्टी र वातावरण प्रदुषण लगायतलाई एकमुष्ठ रुपमा अनुमान गर्दा औषतमा प्रतिदिन ९० घनमिटर रु ५का दरले २५० . .वटा उद्योगको वार्षिक रु२ करोड २ लाख ५० हजार राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू**

प्राकृतिक स्रोतसाधन आय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- प्राकृतिक स्रोतसाधन आय करको सम्भाव्यता अध्ययन गर्ने ।
- खनिज उद्योगको वर्गिकरण अनुसार तथ्याङ्क संकलन गर्ने र सोहि बमोजिम निकासी बिक्री शुल्क कायम गरेमा यो राजस्व रकम अझै बढ्न सक्ने ।

- सम्भाव्यता अध्ययनको प्रतिवेदनका आधारमा कार्यान्वयनलाई अघि बढाउन करको आधार, दायरा, मूल्याङ्कन, दर निर्धारण कार्यशाला आयोजना गरी छलफल तथा अन्तरक्रिया गर्ने र करको दर, दायरा तथा संकलन कार्यविधि स्थापित गर्ने ।
- यस सम्बन्धी व्यवसाय प्रवद्र्धन गर्न सहयोग गर्ने ।
- छिमेकी स्थानीय सरकारहरुसँग समन्वय गरी करमा एकरुपता ल्याउने ।

### ९) पुर्वाधार सेवाको उपयोगमा लाग्ने करः

**विद्यमान अवस्थाः**

स्थानिय तहले लोकमार्ग तथा शहरी सडक एवं तोकिएका अन्य पुर्वाधार सेवाको उपयोग गरे वापत तोकिएबमोजिम लाग्ने कर लिन पाउने व्यवस्था रहेको छ । यसमा पूर्वाधार मर्मत तथा सम्भार प्रयोजनका लागि उठाइने शुल्क समेत पर्दछ । झिमरुक गाउँपालिकाले आफ्नो क्षेत्रमा खानीजन्य सामग्री ढुवानी गर्दा सडक प्रयोग बापत गाउँपालिकाले राजस्व उठाउँन सक्छ ।

**सम्भावनाः**

यस गाउँपालिकाको प्रोफाइल अनुसार गाउँपालिका क्षेत्रभित्र १ वटा ढुङ्गा तथा क्रसर उद्योग रहेको र ती उद्योगहरुबाट दैनिक २५० घन मिटर ढुङ्गा तथा बालुवा उत्पादन हुने अनुमान गरिएको छ । यस अनुसार दैनिक करिब २५ ट्रिपर तथा ट्रकहरु गाउँपालिकाले बनाएको वैकल्पिक मार्ग प्रयोग गर्ने देखिन्छ । खानीजन्य उद्योग वर्ष भरीमा करिब २५० दिन चल्ने हुँदा प्रति ट्रिपर रू ३०० को दरले सडक प्रयोग बापत कर उठाउँदा वर्ष भरीमा रु. १८ लाख ५५ हजार उठ्न सक्ने संभावना रहेको छ ।

**सुधार गर्नु पर्ने पक्षः**

- वैकल्पिक मार्ग नभएको खण्डमा वैकल्पिक मार्गको पहिचान गरी निर्माण गर्ने ।
- गाउँपालिकामा चल्ने खानीहरुको दैनिक क्षमता र सो अनुसार ढुवानी भएको छ छैन सो को जानकारी लिने ।
- बैकल्पिक सडक समय समय मा मर्मत संभार गर्ने ।
- छिमेकी स्थानीय सरकारहरुसँग समन्वय गरी करमा एकरुपता ल्याउने ।

## १०) कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर

**हालको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐनको संशोधन पश्चात् गाउँपालिका वा नगरपालिकाहरूले कृषि तथा पशुपंक्षीमा आधारित व्यवसायिक कारोबारको अनुमती तथा त्यस्तो कारोबारमा कर लिन सक्ने व्यवस्था गरेको छ । यस गाउँपालिकामा १० व्यवसायिक कृषि तथा पशुपंक्षी उद्योग तथा फर्म रहेको र ती फर्महरुबाट मासु तथा मासुजन्य उत्पादन, दुध, घिउ उत्पादन हुने गाउँपालिका प्रोफाइलमा उल्लेख गरिएको छ । चालू आ.व. मा पनि यस शीर्षकमा रु. ३० हजार आय अनुमान गरेको देखिन्छ । तर, गाउँपालिकाले यस शीर्षकमा हालसम्म राजस्व संकलन गरेको छैन ।

**सम्भावनाः**

यस गाउँपालिकामा रहेका १० कृषि तथा पशुजन्य फर्मबाट उत्पादन भएका कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोवारबाट करको राम्रो सम्भावना रहेको देखिन्छ। कृषि तथा पशुजन्य कारोबार सम्बन्धी तथ्यांक नभएकोले यस शीर्षकमा अनुमान गर्न कठिन रहेतापनि ती फर्मबाट हुने माशु, दुध, घिउ लगायतका उत्पादनलाई तलको तालिका ७ को आधारमा विश्लेषण गरिएको छ ।

तालिका १०: कृषि तथा पशुजन्य उत्पादनको अनुमानित विवरण

| विवरण | संख्या | इकाई | करको औषत दर | विवरण |
|---|---|---|---|---|
| **खसी, बोका** | १००० | वटा | ७५ | ७५००० |
| **भैसी** | २०० | वटा | १५० | ३०००० |
| **कुखुरा** | ८०००० | केजी | ०.५ | ४०००० |
| **दुध** | १५०००० | केजी | ०.५ | ७५००० |
| **जम्मा** | | | | **२२००००** |

माथि उल्लेखित तालिका बमोजिम यस गाउँपालिकाले कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारबाट वार्षिक २ लाख २० हजार रुपैया कर असुल हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- गाउँपालिकाबाट हुने कृषि तथा पशुजन्य उत्पादनको निकासी सम्बन्धी अभिलेख संकलन गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाले कृषि उत्पादनको निर्यातमा लगाउने कर सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।

### ३.३.४ गैरकर राजस्व

गाउँपालिकाको आन्तरिक राजस्व को महत्वपूर्ण स्रोत करको अलावा सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतको गैरकर राजस्व पनि हो । यस गाउँपालिकामा यस्ता गैर करका स्रोत परिचालनबाट पनि केही राजस्व संकलन गर्न सक्ने देखिन्छ ।

#### १) बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री

स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६२ क मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री गरी कर उठाउन सक्ने प्रावधान रहेको छ । स्थानीय
सरकार संचालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन स्थानिय तहको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

यसैगरी २०७७ असार १ मा प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मिटरसम्म र खोलाको हकमा जतिसुकै भएपनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नुपर्ने र यस सम्बन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा के के विषयलाई प्राथमिकता दिई विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ ।

**विद्यमान अवस्थाः**

यस शीर्षकअन्तर्गत खासगरी नदी तथा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवाबाट संकलन भई बिक्री बापतको राजस्व पर्दछ । गाउँपालिकाले सार्वजनिक स्थानबाट संकलन भई बिक्री हुने ढुंगा, गिट्टी, बालुवाको बिक्री दर निर्धारण गरी त्यसबाट आय संकलन गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । दहत्तर वहत्तर भन्नाले बहेर आएको सामान दहमा तैरिने वा बहेर तैरिने भन्ने बुझिन्छ र यसबाट सामान्यतया काष्ठजन्य पदार्थ पर्दछ । तरपनि गाउँपालिकाले यस शीर्षकमा केकति राजस्व— संकलन गर्दछ भन्ने कुनै विवरण उपलब्ध छैन ।

**सम्भावना**

यस गाउँपालिकामा हालसम्म ढुङ्गा, गिट्टी, बालुवा विक्रीको राजस्व दर निर्धारण गरेको र राजस्व संकलन गरेको कुनै अभिलेख देखिदैन । यस क्षेत्रमा ५ वटा ढुङ्गा तथा बालुवा खानी उद्योगहरू संचालनमा रहेका छन । यी उद्योगहरुबाट उत्पादित निर्माण जन्य खानिजहरूले नै यहाँको आवश्यकता पुरा गरी रहेका छन । यस गाउँपालिका झिमरुक र अन्य ठाडाखोलाहरु यहाँका प्रमुख नदी तथा खोलाहरु बग्ने हुनाले पनि ढुङ्गा, गिट्टी, बालुवाको प्रसस्त सम्भावना देखिन्छ । यसर्थ, यस गाउँपालिकाले यी नदी तथा खोलाहरुबाट नदी जन्य निर्माण सामाग्री बिक्रीबाट वार्षिक रु १० . लाख राजस्व संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु**

- गाउँपालिकाको आर्थिक ऐनमा प्राकृतिक एवं खानीजन्य बस्तुकोकर दर निर्धारण गरीसबैलाई करको दायरमा लिने र नियम विपरित संकलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिकाआफैले संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ठेक्का नलागुञ्जेलका लागि गाउँपालिका स्वयम्ले रकम संकलन गर्ने ।

- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

### २) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ गाउँपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनको दफा ८ मा गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका सार्वजनिक जग्गामा बनेका घरहरुमा अनुसूची ७ मा उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिने कानुनी व्यवस्था रहेको छ। गाउँपालिकाले हालसम्म बहाल बिरौटी शुल्क बापत कुनै आम्दानी गरेको देखिदैन ।

**सम्भावना**

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ । सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रवन्ध सम्बन्धित गाउँपालिकाले गर्नुपर्ने भएकोले उक्त गाउँपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरुको खोजिगरी लगत व्यवस्थापन गर्नुपर्ने र आर्थिक ऐनमा तोकिएको दरमा राजस्व असुली लाई कडाई गर्ने हो भने यस शीर्षकमा राजस्व उठ्ने सम्भावना रहेको छ ।

गाउँपालिकामा के कति भवन तथा जग्गाहरुको तथ्यांक प्राप्त नभएकोले गाउँपालिकाको बहाल बिटौरीका मुख्य क्षेत्र, अनुमानित प्रयोगकर्ताका आधारमा यथार्थ अनुमान गर्नु कठिन कार्य हो । यसर्थ, गाउँपालिकाले बहाल बिटौरी क्षेत्रभित्र पर्ने स्थानको पहिचान गरी अभिलेख अध्यावधिक गर्ने

हो भने यस शीर्षकबाट विगतका वर्षहरुमा गरिएको प्रक्षेपणलाई आधार मान्दा वार्षिक रूलाख ७ . राजस्व संकलन गर्न सक्ने संभावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाहरुको खोजीगरी लगत व्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिकाले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने ।
- आर्थिक ऐनमा उल्लेख भएअनुसार बहाल बिटौरी शुल्क उठाउने ।

### ३) वन पैदावर विक्रिबाट प्राप्त शुल्क

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को संशोधनपश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको १० प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।

**विद्यमान अवस्था:**

प्युठान जिल्लाको प्रोफाइल २०७४ अनुसार यस गाउँपालिकामा ४६ वटा सामुदायिक वन रहेको र उक्त वनले १६४८.७३ हेक्टर क्षेत्रफल ओगटेको पाइन्छ । गाउँपालिकाको आर्थिक ऐनको अनुसूची १० मा प्राकृतिक स्रोत साधन उपयोग शीर्षकमा प्रति क्यु.फिट रु ५ करको दर निर्धारण गरेको पाइन्छ । यस गाउँपालिकाले हालसम्मवन पैदावर (सामुदायिक वनको) बिक्री वापत छुट्टै शीर्षकमा राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

सम्भावना:

यस गाउँपालिकाले वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्शस्त राजस्व संकलन गर्ने सम्भावना रहेको देखिन्छ । गाउँपालिकाको १६४८.७३ हेक्टर क्षेत्रफल सामुदायिक वनले ओगटेको छ । साथै वन ऐन, २०७६ ले वन पैदावारको परिभाषामा वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्दछ भनी व्याख्या गरेको पाइन्छ । यसलेपनि वन पैदावारको विक्रीबाट हुने राजस्व झनै बढ्ने सम्भावना देखिन्छ।गाउँपालिकाको प्रोफाइल २०७७ अनुसार यस क्षेत्रका सामुदायिक वनमा उत्पादन हुने

मुख्य काठमा उतिस, सल्लो धुपी, चिलाउने रहेको र उक्त वनबाट वार्षिक १२००० मेट्रिक टन उत्पादन हुने सम्भावना उल्लेख भएकोले सोही तथ्यांकलाई आधार मानी १००० केजी वरावर रु . हजार राजस्व संकलन हुने अनुमान गरिएको छ । २०लाख १का दरले राजस्व उठाउँदा १

सुधारका पक्षहरू:

- गाउँपालिकामा रहेका सामुदायीक वन तथा वन पैदावरसम्बन्धी अभिलेख अध्यावधिक गर्ने।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोगसम्बन्धीे वार्षिक कार्ययोजना गाउँपालिकाले स्विकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

### ४) पार्किङ शुल्क

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६० अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने कानूनी व्यवस्था रहेको छ ।

विद्यमान अवस्था:

गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । यस गाउँपालिकाले आफ्नो आर्थिक ऐनमा पार्किङ शुल्कबारे उल्लेख कुनै व्यवस्था गरेको छैन हालसम्म यस गाउँपालिकाले यस शीर्षक अन्तर्गत रकम संकलन गरेको पाइदैन ।

**सम्भावना**

यो गाउँपालिका क्षेत्रभित्र सडक बिस्तार हुने काम तिब्र गतिमा रहेको हुँदा दिनानुदिन यस क्षेत्रमा चल्ने सवारी साधनको संख्या बढ्दो क्रममा रहेको पाइन्छ। गाउँपालिकामा मुख्य बजारको रुपमा रहेको दोलालघाट बजारबाट अरनिको राजमार्ग गएको हुँदा यस बजार भएर दैनिक ठूलो संख्यामा सवारी साधान आवतजावत गर्ने गर्दछन। यसरी गाउँपालिकामा नै पार्किङ हुने गरेका यस्ता सवारी साधनलाई पार्किङ शुल्क लगाउनु उपयुक्त हुन्छ । यस्तो पार्किङ शुल्क लगाउँदा गाउँपालिकामा रहेको बसपार्क तथा अन्य पार्किङ क्षेत्रमा सवारीको किसिम अनुसार गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक पार्किङ शुल्क लगाउन

सक्ने सम्भावना देखिन्छ। यसरी वार्षिक रुपमा लगाइने पार्किङ शुल्क पनि गाउँपलिकाको आर्थिक ऐनमा व्यवस्था गरी वार्षिक रुपमा पार्किङ शुल्क लगाउने हो भने गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा गाउँपालिका क्षेत्रभित्र चल्ने सवारीसाधनको अभिलेख अध्यावधिक गर्ने हो भने तल तालिकामा अनुमान गरिएका सवारी साधनबाट प्रस्तावित दरमा पार्किङ शुल्क उठाउँने हो भने यसबाट वार्षिक रु. १ लाख ८० हजार राजस्व संकलन हुने अनुमान गरिएको छ ।

तालिका ११: पार्किङ शुल्क

| क्र.सं. | विवरण | अनुमानित संख्या | वार्षिक दर (रु.) | सम्भान्य रकम रु. |
|---|---|---|---|---|
| १ | मोटर साइकाल,स्कूटर | ५०० | १० | ५००० |
| २ | कार, जीप, भ्यान | २०० | २० | ४००० |
| ३ | भाडाका मिनि बस, मिनि ट्रक | ५० | ५० | २५००० |
| ४ | ठूला बस, ट्रक, ट्याक्टर | ५० | १०० | ५००० |
| ५ | ठूला हेभी उपकरण | १५ | १२० | १८०० |
| जम्मा | | ८१५ | | ८६८०० |

**सुधार गर्नुपर्ने पक्षहरु**

- यस गाउँपालिकाको स्वामित्वमा रहेका जग्गामा पार्किङका लागि संरचना निर्माण गर्ने ।
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने ।
- पार्किङ शुल्कलाई माथि प्रस्ताव गरिए बमोजिम आर्थिक ऐनमा नै व्यवस्था गर्ने ।

## ५) दर्ता तथा अनुमति दस्तुर (अन्य प्रशासनिक सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ स्थानीयस्तरका व्यापारिक मा (६) ज (२) फर्मको दर्ता, अनुमति तथा नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ ।

**विद्यमान अवस्था**

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा

तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्नसक्ने व्यवस्था रहेकोछ । साथै गाउँपालिकाको आर्थिक ऐनको दफा ११ मा व्यवसाय दर्ता तथा नविकरण दस्तुर शीर्षक अन्तर्गत गाउँपालिका क्षेत्रभित्र स्थापना हुने व्यवसायहरुको दर्ता तथा संचालित व्यवसायहरुको नविकरण गर्दा अनुसूची १० मा उल्लेखित दर्ता तथा नविकरण दस्तुर लगाइने व्यवस्था रहेको छ। गाउँपालिकाले विगतका वर्षहरुमा यस शीर्षकमा कुनै राजस्व संकलन गरेको छुट्टै अभिलेख देखिदैन । । तर चालू आ.व मा यस शीर्षकमा बैशाखसम्म रु. २५ हजार राजस्व उठाएको देखिन्छ ।

**सम्भावना**

यस गाउँपालिकामा व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरणबाट राजस्व संकलनको सम्भावना रहेको देखिन्छ। गाउँपालिकाले व्यापारिक फर्महरुको तथ्यांक अध्यावधिक गर्ने र संचालनमा रहेका र नयाँ संचालनमा आउन चाहने फर्महरुलाई इजाजत, अनुमति र नविकरणमा कडाई गर्ने नीति लिने हो भने गाउँपालिकाले आर्थिक ऐनमा तोकेको दरमा दस्तुर लगाउँदा करिब ५०० व्यापार व्यवसायको औषतमा रु. ५० का दरले नविकरण शुल्क लगाउँदा रु. २५ हजार र विगतबाट नै व्यवसाय संचालन गरेका तर दर्ता नभएका तथा नयाँ दर्ता हुने करिब १०० व्यवसायहरुको दर्ताबापतको औषत रु. १५० का दरले हुन आउने रकम रु. १५ हजार गरी जम्मा रु. ४० हजार राजस्व संकलन हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- व्यापारिक फर्म दर्ता तथा अनुमतीका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### ६) नक्सा पास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुराउल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेवमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा १२ मा गाउँपालिका क्षेत्रभित्र बन्ने घरहरुको नक्शा पास गर्दा अनुसूची ११ मा उल्लेखित नक्शापास दस्तुर लगाइने व्यवस्था गरेको छ । यस गाउँपालिकाले आ.व. २०७६/७७ मा सिफारिश तथा प्रमाणित दस्तुर बापत रु. २१ हजार ३ सय ४५ रुपैया आम्दानी गरेको देखिन्छ भने आ.व. २०७७÷७८ मा ७ लाख ६२ हजार संशोधित अनुमान गरिएको आम्दानी शीर्षकमा नक्शापास दस्तुरमा कुनै रकम आम्दानी भएको देखिदैन । चालू आ.व. मा यस शीर्षकमा रु. ४ लाख अनुमान गरिएकोमा चैत्रसम्ममा रु. १९ हजार राजस्व उठेको देखिन्छ ।

**सम्भावनाः**

यो गाउँपालिका एउटा शहरोन्मुख गाउँपालिका भएकोले यस गाउँपालिकाका बजार क्षेत्रमा पक्की घरहरु निर्माण हुने क्रम बढ्दो देखिन्छ । पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सा पास गर्ने गर्दा उल्लेख्य मात्रामा राजस्व संकलन हुने देखिन्छ । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गरी भवनको प्रकृति अनुसार नक्सापास दस्तुर निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न सकेमा यस शीर्षकबाट गाउँपालिकालाई नियमित र दिर्घकालिन रुपमा राजस्व संकलन हुने सम्भावना देखिन्छ । यसर्थ, यस गाउँपालिका क्षेत्रभित्र वार्षिक करिब २०० वटा संभावित संरचाना निर्माण हुने र औषतमा प्रति घर १००० वर्गफिटको अनुमानका आधारमा प्रति वर्गफिट औषत रु. ३ का दरले कुल प्राप्त हुनसक्ने रु. ६ लाख आम्दानी हुने अनुमान गरिएको छ । पुराना घर अभिलेखीकरण नभएकोमा अभिलेखिकरण मार्फत समेत गाउँपालिकाले राजस्व उठाउन सक्ने भएकोले नक्शा पास दस्तुर बाफत राजस्व अझ बढी उठ्न सक्ने देखिन्छ।

**सुधारका पक्षहरु**

- नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।
- नक्सापाससम्बन्धी छुट्टै मापदण्ड बनाई सोही अनुसार नक्सापासको प्रावधान लागू गर्ने ।

- नक्सापास लागू गर्नु भन्दा पहिले नै बनेका घरहरूको अभिलेखिकरणका लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने।

## ७) सिफारिश तथा प्रमाणित दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषयहरु उल्लेख भएका छन्। यी सिफारिस तथा प्रमाणित गरे बापत गाउँपालिकाले दस्तुर प्राप्त गर्न सक्ने व्यवस्था छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा १३ मा अन्य दस्तुर शीर्षक अन्तर्गत गाउँपालिकाले सिफारिस लगायतका शीर्षकहरुमा अनुसूची १२ मा उल्लेखित अन्य दस्तुर लगाइने व्यवस्था गरेको छ । सोही अनुसार गाउँपालिाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित बापतको दस्तुर गाउँकार्यपालिकाको कार्यालय तथा वडाबाट संकलन गर्दै आइरहेको पाइन्छ । यस गाउँपालिकाले आ.व. २०७८/७९ मा सिफारिश तथा नाता प्रमाणित दस्तुर बापत रु. ५ लाख ४४ हजार २ सय ६९ रुपैया देखिन्छ भने ।

**सम्भावना**

सिफारिश तथा प्रमाणित कार्य गाउँपालिकाको नियमित र निरन्तर कार्य भएकाले यो आम्दानीको एक नियमित स्रोत हुने सम्भावना देखिन्छ ।सिफारिश तथा प्रमाणित दस्तुरबाट छुट्टछुट्टै के कति आम्दानी भयो भन्ने तथ्याङ्क उपलब्ध नहुँदा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ । यस गाउँपालिकाबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिस तथा प्रमाणीत बापत प्राप्त राजस्व तथा प्रक्षेपित राजस्वको आधारमा विश्लेषण गर्दा गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक करिब ५००० वटा विभिन्न किसिमका सिफारिश हुने र उक्त सिफारिसको दर गाउँपालिकाको आर्थिक ऐनमा भएबमोजिम प्रति सिफारिस औषतमा रु. १०० का दरले रु. ५ लाख आम्दानी हुने देखिन्छ भने वार्षिक करिब ६०० नाता प्रमाणित हुने अनुमान स्वरुप आर्थिक

ऐनमा तोकेको दस्तुर बमोजिम प्रति प्रमाणित रु. २५० का दरले रु. १ लाख ५० हजार दस्तुर संकलन हुने सम्भावना रहेको देखिन्छ । यसरी सिफारिस तथा प्रमाणित बापत वार्षिक जम्मा रु. ६ लाख २० हजार आम्दानी हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू**

- गाउँपालिकाको आर्थिक ऐनमा सिफारिश तथा प्रमाणित दस्तुर सम्बन्धी छुट्टै दफाको व्यवस्था गर्नुपर्ने ।
- शीर्षक अनुसार सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडा कार्यालयहरुको कर संकलनलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

### ८) पर्यटन शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा (१) रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लाईर, ¥याफ्टिङ, प्याराग्लाईडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेकोछ ।

विद्यमान अवस्था

यस गाउँपालिकामा मुख्य रुपमा १० वटा पर्यटकीय स्थानहरु रहेका छन । जसमा मुख्य गरी रक गार्डेन ,ओखरकोट बाँदिकोट कोटघर, इख्राथान झिमरुक नदी आदि रहेका छन । यी स्थानहरुलाई व्यवस्थित गर्न सकेको खण्डमा आन्तरिक तथा वाह्य पर्यटकहरु बढ्न गई गाउँपालिकालाई आम्दानी हुने देखिन्छ । हालसम्म गाउँपालिकाले पर्यटन शुल्क शिर्षकमा कुनै आम्दानी गरेको देखिदैन ।

***सम्भावना***

यस गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट धनी नै मानिन्छ । यस गाउँपालिकामा मुख्य रुपमा १० वटा पर्यटकीय स्थानहरु रहेकाले आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावना रहेको छ । यस गाउँपालिकामा रहेको बाफिकोट रकगार्डेन पिकनिक स्पोटलाई थप व्यवस्थित गर्ने हो भने यसबाट नियमित राजस्व संकलन गर्न सकिने सम्भावना देखिन्छ । यसो गरेको खण्डमा यस क्षेत्रमा

वार्षिक करिब १५० वटा समूहहरु पिकनिकका लागि आउने र प्रति समूह रुका दरले १००० . .संकलन गरेमा जम्मा वार्षिक रु१ लाख ५० हजार आय संकलन हुनसक्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- पिकनिक स्पटका लागि सम्भाव्यता अध्ययन गरी पुर्वाधार विकास गर्ने ।
- पर्यटकिय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरी गाउँपालिकाको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने ।

### ९) व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम विलम्व शुल्क लिने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा १३ मा अन्य दस्तुर शीर्षक अन्तर्गत गाउँपालिकाले सिफारिस लगायतका शीर्षकहरुमा अनुसूची १२ मा उल्लेखित अन्य दस्तुर लगाइने व्यवस्था गरेको छ । यसै दफाको अनुसूची १२ मा व्यक्तिगत घटना दर्ता शुल्क (जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई सराई र सम्बन्धविच्छेद) निर्धारण गरेको छ । यस गाउँपालिकाले गाउँकार्यपालिकाको कार्यालय तथा वडाबाट राजस्व संकलन हुदै आएको छ । जस अनुसार जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्तामा रु. १००, बसाइसराई बापत रु. ५०० र सम्बन्धबिच्छेद बापत १०० दर निर्धारण गरेको छ ।

व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको राजस्व गाउँपालिकाको नियमित आय हुने शीर्षक अन्तर्गत पर्दछ । विगत वर्षको यथार्थ आय र चालू वर्षको चैत्रसम्मको संकलित आयको आधारमा

विश्लेषण गर्दा करिब १५०० वटा व्यक्तिगत घटना (बिलम्ब) दर्ता हुने अनुमान स्वरुप प्रति दर्ता शुल्क औषत रु. १०० का दरले रु. १ लाख ५० हजार राजस्व संकलन हुने सम्भावना देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्ने ।
- विपन्न तथा सिमान्तकृत समुदायलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्ने ।

## १०) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

***हालको अवस्था:***

स्थानिय सरकार संचालन ऐनबमोजिम गाउँपालिका/नगरपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी स्काभेटर, ब्याकहो लोडर, ट्रिपर ,ट्राक्टर, प्रोजेक्टर लगाएत अन्य मेसिन भाडामा लगाई आम्दानी गर्न सक्ने व्यवस्था रहेको छ । सोही बमोजिम गाउँपालिकाको स्वामित्वमा रहेका जेसिभी, एम्बुलेन्स, प्रोजेक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ । यस गाउँपालिकाले आ.व. २०७९/०८० मा सम्पत्ती बहाल तथा पट्टा बापत रु. ५ लाख ४५ हजार आम्दानी गरेको देखिन्छ ।

**सम्भावना:**

यस गाउँपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू जेसिभी, एम्बुलेन्स, प्रोजेक्टरको बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहायअनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जसअनुसार जेसिभीबाट अनुमानित आय रु. ७ लाख, एम्बुलेन्सबाट रु. ९ लाख र प्रोजेक्टरबाट ४० हजार गरी कुल जम्मा रु. १५ लाख ४० हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारण गर्ने ।
- गाउँपालिकाको स्वामित्वमा रहेका मेशिन आदिहरू को मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधी तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।

- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## ११) अन्य सेवा शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकासजस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । यस गाउँपालिकाले अन्य सेवा शुल्क बापत चालू आ.व मा रु. ९ लाख राजस्व अनुमान गरिएको छ । यसरी अन्य राजस्वमा यति धेरै रकम आम्दानी हुनुमा धेरै शीर्षकको आम्दानी शीर्षक नछुटाई यसैमा राखेको देखिन्छ ।

**सम्भावना**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रप्रदान गरेका सेवाहरु (पशुपन्छी तथा बोका सरसफाई सेवा, पशु पन्छी स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुल्क, गाउँपालिकाले निर्माण गरेको भौतिक पूर्वाधार उपयोग शुल्क आदि) बाट सेवा शुल्क आय गर्ने तथा सेवाहरु थप गर्दै सेवा शुल्कमा बृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय वासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने भएकोले यस शीर्षकमा गाउँपालिकाले रु.१० लाख ५० हजार संकलन गर्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- गाउँपालिकाको स्वामित्वमा रहेका मेशिन आदिहरू को मर्मत स्याहार गरी सञ्चालन गर्ने।
- आम्दानी देखाउँदा शिर्षकगत रुपमा राख्नुपर्ने
- बिभिन्न किसिमका सेवा बाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- भौतिक सम्पत्तिहरूकोतथ्यांक तथा अभिलेख प्रक्रियालाई व्यवस्थित गर्ने ।

## ४.३ गाउँपालिकाको समग्र राजस्व परिचालनमा रहेका प्रमुख सवालहरू

संविधान तथा कानून प्रदत्त वित्तीय अधिकार बमोजिम गाउँपालिकाको राजस्व परिचालनमा सुधार ल्याउनका लागि योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजस्व परिचालनका मुख्य सवालहरु, नीगित व्यवस्था, कर प्रशासन, दर निधारण, करको दायरा आदि रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### क) आर्थिक ऐनमा सुधार

गाउँपालिकको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । किनभने आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सबै सवारी साधनमा लिन नपाइने व्यवस्था छ । यसैगरी गाउँपालिकाको यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । परिवर्तित व्यवस्था अनुसार सबैजग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ ।

### (ख) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु समेटिएको कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्ने देखिन्छ । हाल कुन कुन शीर्षकमा के कति राजस्व संकलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रुपमा आय स्पष्ट हुने गरी लेखा राख्नु पर्ने देखिन्छ।

### (ग) राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

गाउँपालिकामा राजस्व सम्बन्धी कार्य गर्न गाउँसभाले संगठन संरचनामा सुधार गरी कार्य बोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरुको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै, जिम्मेवारी अनुसार कर्मचारीको दक्षता अभिवृद्धिका आवश्यक क्षमता विकासका तालिम उपलब्ध गराउँदै लैजानु पर्ने देखिन्छ ।

### (घ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि पहिचान भएका क्षेत्रहरुको राजस्व उठाउने र सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा करको दर निर्धारण गरी समुदायस्तरमा त्यसको

प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने करसम्बन्धी जानकारी र समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा समुदायस्तरमा कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

### (ङ) तथ्याङ्क संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना

गाउँपालिकामा सम्पत्ति कर, भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको संख्या के कति छ भन्ने तथ्याङ्क उपलब्ध छैन। यसर्थ सबै किसिमका करदाताको विवरण संकलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसले करको दर, दायरा तथा समग्र राजस्व को सम्भावित आकार अनुमान गर्न सहयोग पुऱ्याउँदछ। साथै, अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्याङ्क संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापित गर्नु जरुरी देखिन्छ ।

### (च) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्व परिचालनसम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । राजस्व तथा कर संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । साथै राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

### (छ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकाले आयको संकलन अवस्थाको नियमित अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कदम चाल्नु पर्दछ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरण बारे जनता एवं सरोकारवालालाई जानकारी गराउनुले पनि जवाफदेहिता, पारदर्शिता तथा राजस्व चुहावट नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना कार्यान्वयन योजना

यस परिच्छेदमा गाउँपालिकाको राजस्व परिचालनलाई आगामी वर्षदेखि प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरु प्रस्तुत गरिएको छ। राजश्व सुधार कार्ययोजना तर्जुमाको क्रममा संकलितसूचनाहरु तथा तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त नतिजाहरू र गाउँपालिकासँग सम्बद्ध सरोकारवालापक्षहरुसँग गरिएको छलफल तथा अन्तक्र्रियालाई समेत समावेश गरी कार्ययोजना तयार गरिएको हो । राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरुमा विस्तृतमा उल्लेखित गरिएको छ ।

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला संचालन गरिएको थियो। गाउँपालिकाको आयोजना र परामर्शदाताको सहजीकरणमासम्पन्न उक्त कार्यशालामा गाउँपालिका पदाधिकारी, गाउँपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । यस कार्ययोजनाका क्रियाकलापहरूलाई ३ वटा उप शीर्षकमा विभाजन गरिएको छ ।

(क) कर राजस्व सुधार योजना

(ख) गैरकर राजस्व सुधार योजना

(ग) राजस्व प्रशासन सुधार योजना

## ५.१ कर राजस्व सुधारका योजनाहरु

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम करका दर र दायरा वृद्धि गर्न गाउँपालिका पदाधिकारीहरुसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ ।

तालिका १२: कर राजस्व सुधार कार्ययोजना

| क्रस. | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१. भूमिकर तथा मालपोत** | | | |
| १ | स्थानीय सरकार संचालक ऐनको ब्यबस्था | २०८० असार | राजस्व परामर्श समिति |

| क्रस. | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | अनुसार एकृकित सम्पति करको ब्यबस्थालाई परिमार्जन गरी मालपोत लागु गर्ने | मसान्त | |
| | २ वडागत रुपमा सम्पूर्ण जग्गाको वर्गीकरण अनुसार अभिलेख राखने र नियमित अध्याबधिका गर्ने | | राजस्व परामर्श समिति |
| | ३ जग्गाको वर्गीकरण अनुसार मालपोतको कर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्न् | | राजस्व परामर्श समिति |
| | ४ घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने । | | राजस्व परामर्श समिति |
| | ५ मालपोत संकलन गर्ने | २०८० पौष देखि अर्धवार्षिक रुपमा नियमित | राजस्व शाखा, वडा कार्यालय |
| **२. सम्पत्ति कर** | | | |
| | १आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट . व्यवस्था गर्ने । | २०८० असार मसान्त | राजस्व परामर्श समिति |
| | २ सम्पत्ति कर.व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने । | २०८० पौषसम्म | राजस्व परामर्श समिति |
| | ३वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन . गर्ने । | २०८० मंसिरदेखि नियमित | राजस्व शाखा, वडा कार्यालय |
| | ४सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका . लागि तालिमको व्यवस्था गर्ने । | २०८० चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| **३. घर जग्गा बहाल कर** | | | |
| | १अवलम्बन गर्ने प्रतगतिशिल करको दर . | २०८० असार मसान्त | राजस्व परामर्श समिति |

| क्रस. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| २बहालमा भएका घर तथा जग्गाहरुको . लगत संकलन गर्ने । | | २०८० पौषसम्म | राजस्व शाखा, वडा कार्यालय |
| ३ बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | | २०८० भाद्रदेखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **४. व्यवसाय कर** | | | |
| १व्यवसाय कर व्यवस्थापन सम्बन्धी . कार्यविधि तर्जुमा गरी लागु गर्ने । | | २०८० माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २ व्यवसाय कर सम्बन्धमा .दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | | २०८० माघसम्म | राजस्व परामर्श समिति |
| ३भएका व्यवसायहरुको लगत दर्ता . अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | | नियमित | राजस्व परामर्श समिति |
| ४व्यवसाय दर्ता तथा कर संकलनका . लागि मुख्य बजारक्षेत्रहरुमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | | २०८० पौषदेखी अर्धवार्षिक रुपमा | राजस्व परामर्श समिति |
| **५. सवारी कर** | | | |
| टागा रिकशा अटो रिक्रसा तथा इजाजत कायबिधि तजुमा गर्ने | | २०८० मंसिर मसान्त | राजस्व शाखा, राजस्व परामर्श समिति |
| गाउँपालिका क्षेत्रमा गुडने टागा रिक्सा आटो रिक्सा तथा नविकरणदसतुर नीधर्ण गरि सबारीहरु दर्ता गर्ने | | २०८० चैत्र मसान्त | राजस्व शाखा, राजस्व परामर्श समिति |
| **६. जडीबुटी, कवाडी र जीवजन्तु कर** | | | |
| १जडीबुटी तथा कवाडी संकलनको . | | २०८० आषाढ | राजस्व शाखा, राजस्व परामर्श |

| क्रस. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | | मसान्त | समिति |
| २जडीबुटी र कवाडी करको दर . निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गर्ने । | | २०८० आषाढ मसान्त | गाउँसभा, कार्यपालिका |

## ५.२ गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम करका दर र दायरा वृद्धि गर्न गाउँपालिका पदाधिकारीहरुसँग छलफल गरी निम्नानुसारको गैरकर राजस्व सुधार योजना प्रस्ताव गरिएको छ ।

तालिका १३: गैरकर राजस्व सुधार कार्ययोजना

| **क्र.स** | **सुधारका लागि गर्नु पर्ने कार्यहरु** | **समयावधि** | **जिम्मेवारी** |
|---|---|---|---|
| १ | कानुनी तथा नीतिगत व्यवस्था | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने । हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरु अनुसार शीर्षक हेरफेर गर्ने । व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने । राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने । जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०८० असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०८० कार्तिक मसान्त | गाउँपालिका |
| २ | सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था) | | |
| | १.राजस्व शाखाका लागि थप कर्मचारी, | २०८० चैत मसान्त | प्रमुख प्रशासकीय |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | सम्म | अधिकृत |
| | २.राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०८० चैत्रसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३.विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०८० असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने । | २०८० मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २.त्रैमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने । | त्रैमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४ | राजस्व सुधार कार्ययोजना कार्यान्वयन | | |
| | १.यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०८० साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०८० माघ मसान्त | कार्यपालिका,गाउँ सभा |

## ५.३ राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रुपमा छलफल गरी प्राप्त भएका बुँदाहरुका आधारमा राजस्व प्रशासन सुधार योजना प्रस्ताव गरिएको छ ।

तालिका १४: राजस्व प्रशासन सुधार योजना

| क.स. | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
